मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## इन्धनमा मूल्यवृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ । नेपाल आयल निगमले पेट्रोलको भाउ प्रतिलिटर २ रुपैयाँ र डिजेल तथा मट्टीतेलको भाउ प्रतिलिटर ३ रुपैयाँ बढाएको हो । बढेको मूल्य बुधबार राति १२ बजेदेखि लागू हुनेछ ।

● वर्ष ३ ● अंक ६७ ● २०८१ साल माघ ०३ गते बिहीबार ● Thursday 16, January 2025 ● सूर्योदय: बिहान ६:५६ बजे ● सूर्यास्त: साँझ ५:३४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## एक महिना बित्दा पनि समाधान भए बहुदरमाईको समस्या
## कार्यालय 'खरानी', राजनीतिः 'दन्किरहेको आगो'






**मधेशदेष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिका कार्यालयमा पुस ५ गते आगो लगाइयो । स्थानीय विद्यालयका विद्यार्थीले तोडफोड गर्दै आगजनी गरे । लामो समयदेखि नगरपालिकाले विद्यालयमा तलब भत्ता पठाउन नसक्दा पढाइ प्रभावित भएपछि शिक्षकहरुले नगरपालिकामा ज्ञापनपत्र दिए र पढाउन नसक्ने जानकारी गराए । शिक्षकहरुले पढाउन नसक्ने भनेपछि पढाइ माग गर्दै विद्यार्थीहरु आन्दोलित भए र आगजनीमा उत्रिए ।

पुस ५ यता बहुदरमाई नगरपालिका पटकपटक समाचार बनिरह्यो । केन्द्र सरकारमा रहेका तीन मन्त्री राजकुमार गुप्ता, अजयकुमार चौरसिया र प्रदीप यादवसँगै र प्रदेश सरकारमा पनि मन्त्री रहेका राजनीतिकर्मीहरुको भूगोल पर्सा र बहुदरमाईबारे धेरै समाचार आए पनि समाधान अहिलेसम्म आएन । मन्त्रीहरुले आफूअनुकुल बोले, कोही मौन बसे । तर बहुदरमाईको समस्या समाधानका लागि कुनै पहल नहुँदा एकमहिनादेखि स्थानीय सरकार नै लगभग 'कोमा'मा छ भन्दा फरक पर्दैन । जनता सेवाविहीन छन् ।

पुस ८ गते बहुदरमाई नगरपालिकाका मेयर सिंगासन साह तेलीले पत्रकार सम्मेलन गर्दै आगजनीमा संलग्नहरुलाई कारबाही माग गरेका थिए । साथै, नगरपालिका कार्यालयलाई पूर्ववत अवस्थामा फर्काउने वातावरणका लागि सबैको साथ पनि मागेका थिए । तर त्यसयता बहुदरमाई नगरपालिका के कसरी चलिरहेको छ, कसैलाई चासोको विषय बनेको छैन । सबै आआफ्ना ढंगले स्वार्थको रोटी सेक्न व्यस्त देखिएका छन् ।

कात्तिक १० गते मात्रै नगर सभा भएको बहुदरमाई नगरपालिकाले साउनदेखि नै शिक्षक र कर्मचारीको तलबभत्ता वितरण गर्न सकेको थिएन । खासगरी नगर प्रमुख तेली र प्रमुख प्रशासकीय अधिकृत मोहम्मद शेर मुस्तफाबीचको असमझदारीमा अन्य राजनीतिक दलको खिचातानीले नगरपालिका सञ्चालनमा समस्या देखिएको थियो । यसैको सिकार नगरपालिका कार्यालयमा आगजनी भयो । आगजनीबाट एक करोड रुपैयाँ भन्दा बढीको क्षति भएको बताइएको छ । आगजनीको एक महिना बित्दा पनि स्थानीय सरकार सञ्चालनका लागि स्थानीय राजनीतिक दलहरु सहमति र समन्वयमा आउन सकिरहेका छैनन् । नगरपालिकाको वेबसाइटमा पनि मंसिर १० गते नगरप्रमुख तेलीले जारी गरेको सूचनाबाहेक नयाँ अपडेटसमेत केही देखिन्न ।

शिक्षक–कर्मचारी समस्यामा
बहुदरमाई नगरपालिकाका शिक्षक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीले साउनदेखि तलब पाएका छैनन् । माघमा सातौँ महिना शुरु हुँदा उनीहरुले पछिल्लो आधा वर्षदेखि पाउनु पर्ने तलब भत्ता नपाएका हुन् । तलब र भत्ताको समस्या समाधान गर्न पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ) गणेश अर्यालले नगर प्रमुख सिंहासन साह तेलीलाई आग्रह गरेका छन् । आइतबार सिडिओ अर्यालले नगरप्रमुख तेलीलाई पत्र पठाएर शिक्षक, कर्मचारीको समस्या समाधान गर्दै पठनपाठन र अन्य शैक्षिक गतिविधि सहज बनाउन आग्रह गरेका हुन् । सिडिओ अर्यालले जाडोयाममा शितलहरबाट प्रभावित हुनसक्ने जोखिमलाई ध्यानमा राख्दै विपद् व्यवस्थापनसँग सम्बन्धित कार्य अगाडि बढाउन पनि सुझाव दिएका छन् ।

**के भएको हो ?**
बहुदरमाई नगरपालिकाको नगर सभा भए पनि सभाबाट पारित निर्णयको प्रमाणीकरण भएको छैन । आर्थिक अख्तियारी प्रदान गरिएको छैन र खाता सञ्चालन प्रक्रिया रोकिएका कारण बजेट कार्यान्वयनमा ढिलाइ भएको छ । यही कारण शिक्षकको तलब, विद्यार्थीको दिवा खाजा र अन्य शैक्षिक तथा अतिरिक्त गतिविधि पनि प्रभावित भएको हो ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित मन्त्री राजकुमार गुप्ता स्वयम् बहुदरमाई नगरपालिकाका हुन् । बहुदरमाई नगरपालिकामा उत्पन्न समस्या तत्काल समाधान गरी नागरिकको सेवा सुनिश्चितता गर्न सबै पक्ष सहमतिमा आउनुको विकल्प छैन । तर कोही पनि यस विषयमा सहजीकरण गरिरहेका छैनन् ।

## घुँडाको अप्रेसन गर्दा बिरामीको मृत्यु

**एसपी गौरव**
**सर्लाही ।**
लालबन्दी नगरपालिका–९ स्थित मेडिकेयर ट्रमा मल्टिस्पेशालिष्ट हस्पिटलमा अप्रेसन गरेका बिरामीको मृत्यु भएको छ । पूर्वपश्चिम राजमार्गस्थित लालबन्दी नगरपालिका–७ मा नवलपुरबाट लालबन्दी बजार आउँदै गरेको ना३९प ३४० नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पैदल यात्री मलंगवा नगरपालिका–१० का अन्दाजी ३७ वर्षीय आशीष साह घाइते भएका थिए । मोटरसाइकलको ठक्करबाट दाहिने घुँडामुनि भाँचिएका साहलाई तत्काल लालबन्दी नगरपालिका–६ स्थित लालबन्दी मोडेल अस्पतालमा सामान्य उपचारपछि रेफर गरिएको थियो । उनको मेडिकेयर ट्रमा मल्टिस्पेशालिष्ट हस्पिटलमा भर्ना गरी खुट्टाको अप्रेसन गरिएको थियो । पाँच शैयाको अस्पतालको अनुमति पाएको मेडिकेयर ट्रमा मल्टिस्पेशालिष्ट हस्पिटलले खुट्टाको अप्रेसन गरी स्टिल हालेका भए पनि हस्पिटलमा आइसियू, भेन्टिलेटर नरहेको, अप्रेसन कक्षको सरसफाइ नभएका कारण संक्रमण भएको, एनेस्थेसिया नरहेको, अप्रेसनका सामानको सफाइ नभएको, अप्रेसन कक्षमा मोनिटरसमेत नरहेका कारण खुट्टाको अप्रेसन गर्दा घाइते साहको मंगलबार राति अस्पतालमै मृत्यु भएको पाइएको छ । घाइतेलाई एक्कासी धेरै ज्वरो आएपछि हस्पिटलका सञ्चालक डा.मनिष साहले आफू बच्न घाइतेलाई तत्काल रेफर गरेका भए पनि मलंगवाको म्याक्स अस्पताल पुर्याउँदा चिकित्सकले बिरामीलाई मृत घोषणा गरेका हुन् ।

डा. साहले हाड जोर्नीको विशेषज्ञ डाक्टर भएको बताउँदै लालबन्दी मोडेल अस्पतालले काठमाडौँ रेफर गरेका घाइते साहलाई भर्ना गराएर सोमबार अप्रेसन गरेका थिए । अप्रेसनपश्चात् उच्च ज्वरो आएर घाइते छटपटाउन थालेपछि आफू बच्न बिरामी साहलाई अन्यत्र रेफर गरेका डा. साह सोही दिनदेखि जनकपुरस्थित स्वस्तिका अस्पताल गएका छन् । सामान्य बिरामी रहेकाले अप्रेसन गरिएको र अप्रेसनको कारण नभई अन्य कारणले घाइते साहको मृत्यु भएको डा.साहले दाबी गरेका छन् । अप्रेसन कक्षमा मोनिटरसमेत नरहेको अस्पतालमा अप्रेसन गर्न मिल्छ ? भन्ने मधेशदृष्टिको प्रश्नमा डा.साहले सामान्य बिरामी रहेको र अन्य रोगका कारण उनको मृत्यु भएको भन्दै आफ्नो बचाउ गरे । 'ज्वरो १०५, बिरामी छट्पटाएपछि आफू बच्न रेफर गर्नु भयो भन्ने जिज्ञासामा उनले भने, 'अप्रेसन राम्रोसँग गरेको तर बिरामीको अन्य कारण मृत्यु भएको हो, यो केसमा सहयोग गरिदिन आग्रह गर्दछु ।' घटनालगत्तै उनी जनकपुर भागेका हुन् । यता, लालबन्दी नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख मुमताज मिकरानीले आइसियु, भेन्टिलेटर नरहेको, अप्रेसन कक्षको सरसफाइ नभएका कारण संक्रमण भएको, एनेस्थेसिया नरहेको, अप्रेसनका सामानको सरसफाइ नभएको, अप्रेसन कक्षमा मोनिटरसमेत नरहेको अस्पतालमा अप्रेसन नै गर्न नहुने बताए । उनले हाडजोर्नी विशेषज्ञ भएकाले डा.साहले अप्रेसन गर्न पाउने भए पनि सुविधासम्पन्न नहुँदासम्म अप्रेसन गर्न नमिल्ने बताए । सर्लाहीका निजी स्वास्थ्य संस्थाले स्वास्थ्य क्षेत्रलाई सेवा भन्दा पनि कमाउने व्यापारका रुपमा सञ्चालन गर्दा सर्वसाधारणले अकालमा ज्यान गुमाउने गरेका छन् ।

**के छ कानूनी प्रावधान ?**
चिकित्सकको लापरबाहीले अप्रेशन गरेका बिरामीको मृत्यु भए मुलुकी अपराध संहिता, २०७४ अनुसार उनलाई कार्बाही हुने प्रावधान छ । चिकित्सकले आफ्नो पेशागत कर्तव्य पालन नगरेको, त्रुटिपूर्ण उपचार गरेको वा अप्रेशनको समयमा सावधानी नअपनाएको प्रमाणित भएमा उनीमाथि कारबाही हुन्छ । लापरबाहीले बिरामीको मृत्यु भए चिकित्सकलाई जरिवाना, कैद वा दुवै सजाय हुने मुलुकी अपराध संहिता,२०७४ को दफा २३२ मा व्यवस्था गरिएको छ । नेपाल मेडिकल काउन्सिलले चिकित्सकीय लापरवाहीको छानबिन गरेर चिकित्सकको इजाजतपत्र खारेज वा निलम्बनसमेत गर्नसक्ने व्यवस्था छ । यदि चिकित्सकको लापरबाहीबाट बिरामीको मृत्यु भयो भने, पीडितका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने आदेश अदालतले दिनसक्छ । कतिसम्म भने घाइते साहको सवालमा डा. साहले अप्रेशनपूर्व सहमति पत्रमा हस्ताक्षरसमेत नगराएको पाइएको छ ।

## साँचो सिडिओलाई बुझाइने

नेपाल शिक्षक महासंघ पर्साले प्रेस विज्ञप्ति जारी गर्दै बहुदरमाई नगरपालिकामा कार्यरत विद्यालयका शिक्षक कर्मचारीको समस्या समाधान नगरिए माघ ६ गते सबै विद्यालय बन्द गरेर साँचो पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ)लाई बुझाउने चेतावनी दिएको छ ।

महासंघले शिक्षक कर्मचारीको समस्या समाधान गर्न दबाब दिने उद्देश्यले माघ ३ र ४ गते चार घण्टी पढाइ गरेर पठनपाठन रोक्ने र माग पूरा नभए माघ ६ गते साँचो बुझाउने चेतावनी दिएको हो ।

महासंघका अध्यक्ष तीर्थराज यादव र सचिव विनोद गिरीले जारी गरेको प्रेस विज्ञप्तिमा बुहुदरमाईका शिक्षकशिक्षिका, बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको ६ महिनादेखि तलब भत्ता र चाडपर्व खर्च रोकिँदा शिक्षक कर्मचारीका छोराछोरीको पढाइसमेत प्रभावित भएको बताइएको छ । विज्ञप्तिमा उनीहरुका छोराछोरी पढाउने शिक्षण संस्थाले स्कुल फि नतिरेको भन्दै निष्काशन गर्ने अवस्था बनेको, बैंकको ब्याज नतिरेका कारण घरजग्गा लगायत श्रीसम्पत्ति लिलाम हुने अवस्था भएको र दैनिक हातमुख जोर्नै समस्या भएकाले समस्या समाधान गर्न महासंघले अपिल गरेको छ । महासंघले पालिकाले तलब भत्ता नदिएकै कारण शिक्षक कर्मचारीको पारिवारिक जीवन नै ध्वस्त हुने अवस्था भएको भन्दै ध्यानाकर्षण गराएको छ ।

महासंघले बहुदरमाई नगरपालिकाका शिक्षण संस्थाका शिक्षक कर्मचारीको तलब भत्ता यथाशिघ्र उपलब्ध गराउन माग गर्दै चरणवद्ध आन्दोलन घोषणा गरेको हो ।

## अध्यादेशबाट शासन शुरु भयोः साह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले सरकारले अध्यादेशमार्फत शासन गर्न थालेको बताएका छन् ।

प्रतिपक्षी दलहरूको बैठकमा उनले प्रधानमन्त्री केपी शर्मा ओलीले संसद छलेर अध्यादेशमार्फत शासन गर्न लागेको बताएका हुन् ।

'सरकारले संसदको बैठक नबोलाएर अध्यादेशमार्फत शासन गर्न थाले,' उनले भने, 'सरकारले सिफारिस गरेको अध्यादेश राष्ट्रपतिले रोकेको विषयलाई हामीले गम्भीर ढंगले लिनूपर्छ ।'



उनले वर्तमान सरकारको गठन नै अप्रजातान्त्रिक, अप्राकृतिक, अपारदर्शी एवम् अनैतिक भएको आरोप लगाए । जनताबाट डराएकै कारण यो वर्ष प्रधानमन्त्रीले ल्होछार, माघे संक्रान्ति, नेपाल प्रिमियर लिग जस्ता उत्सवमा सहभागी हुन नसकेको उनको भनाइ छ ।

बैठकमा माओवादी केन्द्रबाट अध्यक्ष प्रचण्ड, नारायणकाजी श्रेष्ठ, वर्षमान पुन र शक्ति बस्नेत, रास्वपाका डिपी अर्याल, एकीकृत समाजवादीका माधव कुमार नेपाल र बेदुराम भुसाल, राप्रपाका बुद्धिमान तामाङ, आजपाका अध्यक्ष साह र नेसपाका महिन्द्रराय यादव र गंगानारायण श्रेष्ठ सहभागी थिए ।




शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

पिपरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपरा, महोत्तरी, मधेश प्रदेश, नेपाल

# के छ अध्यादेशमा नयाँ व्यवस्था ?

**काठमाडौँ ।**
सरकारद्वारा जारी अध्यादेशले लगानी सहजीकरण, आर्थिक व्यवस्थापन र सेवा प्रवाह सुधारमा जोड दिएको छ । अध्यादेशमार्फत् ल्याइएका नयाँ व्यवस्था सार्वजनिक गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार आयोजित कार्यक्रममा मुख्यसचिव एकनारायण अर्यालले ई–गभर्नेन्सको कानूनी व्यवस्था, निर्णय प्रक्रिया सरलीकरण र स्थानीय तहमा नेतृत्व पद रिक्त भएमा अस्थायी व्यवस्थाको प्रावधानलगायत समावेश गरेर कानुन ल्याइएको बताए । त्यसैगरी अध्यादेशमार्फत् श्रमिकहरूको पेन्सन र अवकाश उमेरमा एकरूपता कायम गरिएको छ । साथै, गैरआवासीय नेपालीलाई सहज नागरिकता, भिसा व्यवस्था, विदेशी र घरेलु लगानीमा सहजीकरण, सामाजिक सुरक्षा व्यवस्थाको दुरुपयोग रोक्न कदम चालिएका छन् ।
यसबाहेक, आपराधिक मुद्दामा मिलापत्र प्रक्रिया र सार्वजनिक प्रतिष्ठानको व्यवस्थापनलाई सरल र प्रभावकारी बनाइएको उनको भनाइ छ । विपद् व्यवस्थापन, योजना तर्जुमा र राजस्व असुलीमा सुधारका व्यवस्था अध्यादेशमार्फत् सुनिश्चित गरिएका छन् । आर्थिक तथा व्यावसायिक वातावरण सुधार तथा लगानी अभिवृद्धिसम्बन्धि ११, सुशासन प्रवद्र्धन तथा सार्वजनिक सेवासम्बन्धी १३ र भूमि तथा वनसम्बन्धी तीन वटा गरी २७ ऐनमा अध्यादेशमार्फत संशोधन गरिएका छन् । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र निजीकरण ऐन, २०५० मा कार्यविधिगत स्पष्टता प्रदान गर्न केही प्रावधान संशोधन गरी अन्य दुई छुट्टाछुट्टै अध्यादेश पनि जारी गरिएको छ ।

**संशोधनका मुलभूत विषयहरुः**

**सेवा प्रवाहमा सहजता**
ई–गभर्नेन्सको कानूनी प्रबन्धको प्रारम्भ हुने अपेक्षासहित नागरिक एप प्रयोगमा ल्याउने कानूनी व्यवस्था गरिएको छ ।

**निर्णय प्रक्रियामा सुधार**
नेपाल सरकारको कार्य सम्पादनमा सरलीकरण गर्दै कुनै निर्णय गर्नु पर्ने अधिकारीले कानुनमा मिति तोकिएको भए सोहीबमोजिम र अन्य सबै अवस्थामा बढीमा सात दिनभित्र निर्णय गर्नुपर्ने व्यवस्था गरिएको छ । सो पालना नगरेमा कारबाही हुने व्यवस्था गरिएको छ । नेपाल सरकारले गर्ने भनिएका सबै विषय मन्त्रीपरिषद्मा लैजाने हालको व्यवस्थाको सट्टा अधिकार प्रत्यायोजन गर्नेगरी नेपाल सरकारको परिभाषामा परिवर्तन गरिएको छ ।

**जनप्रतिनिधिको निरन्तरता**
कुनै कारणले स्थानीय तहका अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै पद रिक्त भएमा कार्यपालिकाका सदस्यहरुले आफूहरूमध्येबाट कार्यवाहक अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख भई काम गर्न सक्नेगरी अध्यादेशमार्फत कानून ल्याइएको छ । यस्तै कुनै कारणले कुनै वडाअध्यक्षको पद रिक्त भएमा वडा समितिका सदस्यहरुले आफूहरुमध्येबाट कार्यवाहक वडाअध्यक्ष छनोट गर्ने व्यवस्था मिलाईएको छ ।

**श्रमिकको अवकाश उमेरमा एकरूपता**
अवकाश पाउने उमेर ६० वर्ष र सेवानिवृत्त हुने उमेर ५८ वर्ष भएकामा मिलान गरी श्रमिकहरूको अनिवार्य अवकाश उमेर ५८ बाट ६० वर्ष बनाइएको छ ।

**कसुरजन्य सम्पत्ति जफत**
कसुरजन्य सम्पत्ति र कसुरमा संलग्न साधन जफत गर्न प्रक्रियागत झन्झट र कानूनी अड्चन फुकाइएको छ । यसैगरी अदालतमा दाखिला गरिएका सवारी साधन तुरुन्त लिलाम गरी वा ह्रासकट्टी गरिएको मूल्यमा सम्बन्धित धनीले धरौटी राखी प्रयोग गर्नसक्ने व्यवस्था गरिएको छ ।

**फौजदारी मुद्दामा मिलापत्र**
मिलापत्र हुनसक्ने सरकारवादी फौजदारी मुद्दामा पीडित र प्रतिवादीबीच मिलापत्र भएमा अदालतबाट लागेको दण्ड जरिवाना माफी हुने व्यवस्था गरिएको छ । शुरु अदालतबाट लागेको बिगो तथा जरिवाना तिर्न नसक्दा थुनामा बसेर पुनरावेदन गर्नुपर्ने र पछि निर्दोष ठहर हुँदा त्यस्ता व्यक्तिलाई अन्याय हुने हालको अवस्थालाई अन्त्य गरिएको प्रधानमन्त्री केपी शर्मा ओलीले बताए । त्यस्तै, प्रारम्भिक अदालतबाट ठहर भएको बिगो तथा जरिवाना पूरै धरौटी राख्नु नपर्ने तर १५ प्रतिशत मात्र धरौटी राखे पुग्ने व्यवस्था गरिएको छ ।

**तेजाब आक्रमण**
तेजाब आक्रमण जघन्य अपराध भएकाले यसलाई घरेलु हिंसा मात्र नमान्ने गरी संशोधन गरिएको छ ।

**गैरआवासीय नेपाली नागरिकता**
गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिहरूलाई १० वर्ष नेपाल बस्दा निःशुल्क भिसा र दुई वर्षका लागि बहु–प्रवेशी निःशुल्क भिसा दिने व्यवस्था गरिएको छ ।

**अपराध पीडितको क्षतिपूर्ति**
एक वर्षभन्दा कम कैदको सजाय भएको कसुरदारले कैदको सट्टा रकम तिर्न सक्ने व्यवस्था गरिएको छ । अपराध पीडितले पाउने क्षतिपूर्ति निजको मृत्यु भएमा पति, पत्नी, छोरा, छोरी, वा बाबुआमाले पाउने व्यवस्था गरिएको छ ।

**सामाजिक सुरक्षा**
सामाजिक सुरक्षा भत्तामा भएको रकमको दुरुपयोग रोक्न राष्ट्रिय परिचयपत्र क्रमशः अनिवार्य गर्दै जाने व्यवस्था गरिएको छ । त्यस्तै, शिक्षकहरूले पनि योगदान गरी निवृत्तिभरण पाउने व्यवस्था गरिएको छ ।

**स्वास्थ्य बीमा**
स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन प्रत्येक स्थानीय तहमा प्रथम सेवा बिन्दुको प्रयोजनको लागि कम्तीमा एउटा सेवा प्रदायक स्वास्थ्य संस्था रहने व्यवस्था गरिएको छ ।

**नेपाली कम्पनीको विदेशमा लगानी**
नेपाली सूचना प्रविधिमा आधारित कम्पनीले विदेशमा सहायक कम्पनी, शाखा खोल्न, कारोबार गर्न र आम्दानी नेपाल भित्र्याउनसक्ने कानूनी व्यवस्था गरिएको छ ।

**विदेशी लगानीमा सहजीकरण**
गैरआवासीय नेपालीले विदेशी लगानी गर्दा प्रक्रियामा जानु नपर्ने गरी सरलीकृत गरिएको छ । विदेशी लगानी भएको उद्योगले मात्र नभई नेपाली लगानी भएको उद्योगलेसमेत नेपाल राष्ट्र बैंको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्नेछ ।
नेपालमा गरिएको विदेशी लगानीबाट प्राप्त आर्जित रकम फिर्ता लैजाने प्रक्रिया सरलीकृत गरिएको छ । नेपालभित्र खडा गरिने विशिष्टिकृत लगानी कोषमा पनि विदेशी लगानी खुला गरिएको छ ।

**विशेष आर्थिक क्षेत्र**
उत्पादनमूलक उद्योगले मात्र विशेष आर्थिक क्षेत्रभित्र रहेका उद्योगलाई उत्पादन बिक्री गर्दा निर्यात गर्ने उद्योगसरह सुविधा प्राप्त गर्ने हालको व्यवस्थामा सेवा मुलक उद्योगलाइ पनि समावेश गरिएको छ । बाहिर उद्योग सञ्चालन गरिरहेका उद्योगले विशेष आर्थिक क्षेत्रभित्र स्थानान्तरण गरेमा त्यस्ता उद्योगलाई समेत कर छुटको व्यवस्था गरिएको छ ।

**कम्पनी सञ्चालन र खारेजी**
श्वेट शेयर लाई थप व्यवस्थित गर्दै स्टार्ट–अप उद्यमको हकमा चुक्ता पुँजीको ४० प्रतिशत र कम्पनीको हकमा २० प्रतिशत शेयर व्यक्तिलाई प्रदान गर्न सकिने व्यवस्था गरिएको छ । प्राइभेट कम्पनीले प्रिमियम मूल्यको शेयर जारी गर्दा हाल कम्पनी रजिस्ट्रार कार्यालयको थप स्वीकृति र तीन वर्षको लेखापरीक्षणको व्यवस्था हटाई प्रक्रिया सरल गरिएको छ ।
कम्पनी दर्ता सहज तरिकाले हुने, तर बन्द गर्दा हुने झन्झटलाई अन्त्य गरिएको छ । विवरण नबुझाएका कारण कम्पनीलाई लाग्ने जरिवानामा ९० प्रतिशत छुट दिइ कम्पनीको दर्ता खारेजीलाई सहज गरिएको छ ।

**उद्योग सञ्चालन**
सरकारसँग गरिएको सम्झौताबमोजिम तोकिएको अवधिपश्चात् सम्पूर्ण परियोजना सरकारलाई हस्तान्तरण हुनेगरी कार्यान्वयन भएको परियोजनको हकमा हदबन्दीभन्दा बढीको जग्गा पनि सरकारमा ऋणको दायित्व नसर्ने गरी बैंक तथा वित्तीय संस्थामा धितो राख्न सकिने प्रबन्ध गरिएको छ ।
वार्षिक पाँच करोडभन्दा बढी कारोबार गर्ने सूचना प्रविधिमा आधारित उद्योगलाई पनि सुविधा र सहुलियत प्रदान गर्न सकिने व्यवस्था गरिएको छ । बिनादर्ता सञ्चालन गरिएका उद्योग बन्द गर्ने प्रावधान हटाई जरिवाना लिई उद्योग दर्ता गराएर संचालनमा ल्याउन सकिने व्यवस्था गरिएको छ । कोष व्यवस्थापन (फन्ड म्यानेजमेन्ट) र सम्पत्ती व्यस्थापन (आसेट म्यानेजमेन्ट) लाई पनि सेवा उद्योगको वर्गमा थप गरिएको छ ।

**सार्वजनिक प्रतिष्ठानहरुको व्यवस्थापन**
विद्यमान व्यवस्थामा प्रक्रियागत सुधार गर्दै सार्वजनिक प्रतिष्ठानहरुलाई व्यवस्थापन करार वा भाडामा निजी क्षेत्रलाई सहभागी गराउने प्रावधान राखिएको छ ।

**राजस्व असुलमा सहजीकरण**
तीन करोड रुपैयाँसम्मको राजस्व चुहावाटको विवादका विषयमा राजस्व अनुसन्धान विभागले मुद्दा दायर नगरी राजस्व रकम उठाउन 'आन्तरिक राजश्व विभाग वा भन्सार विभाग'ले निर्णय गर्न सक्ने व्यवस्था गरिएको छ । राजस्व चुहावट मुद्दामा बिगो भराउन फैसला पर्खिनु नपर्ने, जरिवाना र विगो तिरेमा मिलापत्र गर्न सकिनेछ ।
नगद जम्मा नगरी राजस्व न्यायाधीकरणमा पुनरावेदन गर्न नपाउने व्यवस्थामा मुद्दाको अवधिभर खाम्नेगरी बैंक जमानत पेस गरेर पनि पुनरावेदन गर्न पाउने अधिकार प्रदान गरिएकोछ ।

**मध्यस्थता निर्णय र कार्यान्वयन**
सरकारी ठेक्कापट्टामा उत्पन्न विवाद मध्यस्थतबाट समाधान गर्दा भएको ढिलाइ अन्त्य गर्न द्रुत मध्यस्थताको व्यवस्था गरिएको छ । मध्यस्थताको कारबाहीमा थप सुधार गर्दै निर्णयलाई अन्तिम रुप प्रदान गर्न र निर्णय कार्यान्वयनलाई सहजीकरण गर्न अदालतले मध्यस्थताको निर्णयको कार्यान्वयन स्थगित गरेमा मात्र निर्णय कार्यान्वयन नहुने, मध्यस्थको निर्णय बदरको निवेदनले मात्र नपुग्ने व्यवस्था गरिएको छ ।

**घरजग्गा व्यवसाय**
हदबन्दीमा छुट दिइएको तर हदबन्दी बढीको जग्गा बिक्री गर्न रोक लगाउने कानुनमा परिवर्तन गरी त्यस्तो जग्गा स्वीकृति लिइ तोकिएको अवधिभित्र विकसित गरी घरघडेरी बिक्री गर्न पाउने तर सार्वजनिक प्रयोजनका लागि छुट्याइएको जग्गालाई धितो बन्धक राख्न, बिक्री गर्न नपाउने व्यवस्था गरिएको छ ।

**भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्था**
भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई निःशुल्क र अव्यवस्थित बसोबासीलाई तोकिएको दस्तुरमा जग्गाको स्वामित्व दिने व्यवस्था गरिएको छ ।

**आर्थिक कार्यविधि**
सङ्घीय सञ्चित कोषको सन्तुलनका लागि प्रचलित कानुनबमोजिम स्थापना भएको अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पूरै वा आंशिक रकम अर्थ मन्त्रालयले दायित्व सिर्जना हुँदाका बखत सम्बन्धित कोषमा निकासा गर्नेगरी सङ्घीय सञ्चित कोषमा जम्मा गर्न सक्नेछ ।

योजना आयोगले गर्ने काम
आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्ने व्यवस्था ल्याइएको छ । विद्यमान आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले राष्ट्रिय स्रोत अनुमान समितिले माघ १५ गतेभित्रमा 'बजेट सिलिङ' तयार गरिसक्नुपर्ने व्यवस्था गरेको छ ।
स्रोत अनुमान समितिले तयार गरेको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारणसम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको फागुन सात गतेभित्र अर्थमन्त्रीसमक्ष पेस गर्नुपर्ने व्यवस्था अध्यादेशमार्फत ल्याइएको छ ।
स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेटको सीमा, मध्यमकालीन खर्च संरचनाको खाका, राष्ट्रिय गौरवको आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको आवश्यक रकम समेत उल्लेख गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन प्रत्येक आर्थिक वर्षको फागुन सात गतेभित्र अर्थमन्त्रीसमक्ष पेस गरिसक्नुपर्ने कानुन अध्यादेशमार्फत ल्याइएको छ ।

**अर्थ मन्त्रालयले गर्ने काम**
नयाँ व्यवस्थाअनुसार योजना आयोगबाट प्राप्त विवरणका आधारमा बजेट सीमा र बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तयार गरी फागुन १५ गतेभित्र पठाउनु पर्नेछ । बजेट तर्जुमा गर्दा स्रोतको उपलब्धता, खर्चको आवश्यकता र खर्च गर्नसक्ने क्षमता समेतको आधारमा प्रस्ताव भएको बजेट रकम, कार्यक्रम वा क्रियाकलाप थपघट वा परिमार्जन गरी बजेटलाई अन्तिम रूप दिन सक्ने व्यवस्था ल्याइएको छ ।
प्रस्तावित बजेट तथा कार्यक्रममा सारभूत रूपमा थपघट वा परिमार्जन भएमा सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने पनि अध्यादेशमा उल्लेख छ । त्यस्तै, स्वीकृत कुनै कार्यक्रम संशोधन गर्न परेमा स्वीकृत कार्यक्रमभित्रको विनियोजित रकम अन्य कुनै कार्यक्रममा खर्च गर्न परेमा सम्बन्धित मन्त्रालयको सिफारिसमा संशोधन गर्न सक्ने व्यवस्था ल्याइएको छ ।
आर्थिक वर्षको बीचमा वैदेशिक अनुदान तथा ऋण सम्झौता भई तत्काल सञ्चालनमा रहेको आयोजनामा थप रकम समावेश गर्नुपर्ने भएमा विनियोजन ऐनमा समावेश भएको वैदेशिक सहायतातर्फको कूल रकममा नबढ्ने गरी रकमान्तर वा स्रोतान्तर गर्नसक्ने अध्यादेशमा उल्लेख छ ।
त्यस्तै, नयाँ व्यवस्थाअनुसार सशर्त, समपूरक वा विशेष अनुदान बापत प्रदेश वा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण रकम आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएमा सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने छ ।

**बेरूजु फछ्र्यौट**
असुल गर्नुपर्ने भनी औँल्याइएको बेरुजु रकम असुल भई प्रमाण पेस भएको, आवश्यक कागज प्रमाण पेस गर्नुपर्नेमा पेस भएको वा पेस्की रकम फछ्र्यौट भई प्रमाण पेस हुन आएको बेरुजु रकम सम्परीक्षणको लागि अनुरोध भई आएमा महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण गरी लगत कट्टा गर्ने व्यवस्था ल्याइएको छ । त्यसरी लगत कट्टा भएको जानकारी सात दिनभित्र सार्वजनिक लेखासमिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्नेछ ।

**आयोजना व्यवस्थापन**
न्युनतम सीमा र प्राविधिक पक्षलाई आधारका रूपमा लिनुपर्नेछ । प्रत्येक आर्थिक वर्षका लागि आयोजनाको कूल लागत र विनियोजनको न्यूनतम सीमा बजेट तर्जुमा कार्यतालिका सुरु हुनुअगावै निर्धारण गर्नुपर्ने ल्याइएको छ ।

विपद् व्यवस्थापन
विपद् व्यवस्थापनमा खर्च गर्न तत्काल स्रोत व्यवस्था गर्नुपर्ने भएमा कूल वार्षिक बजेटको सीमाभित्र रही सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायको स्वीकृत कार्यक्रममा थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्नसक्ने कानुन ल्याइएको छ ।

योगमाया विश्वविद्यालय
योगमाया आयुर्वेदिक विश्वविद्यालयको नाम परिवर्तन गरी 'विदुषी योगमाया हिमालयन आयुर्वेदिक विश्वविद्यालय' बनाइएको छ । रासस


## Migration Certificate हराएको सूचना !

**धनुषा जिल्ला बटेश्वर गा.पा. वडा नं.–५ बस्ने मो. कलामुदिन राईनको छोरा वर्ष २४ को मो. रजावुल राईनको** +२ (NEB) Migration Certificate **यहि गएको मिति २०८१/०९/२५ गते महेनद्रनगरबाट जनकपुरधाम जाने क्रममा हराएकोले कहि कतै कुनै महानुभावले भेटेमा नजिकको प्रहरी कार्यालय वा निज मो. रजावुल राईनलाई बुझाईदिन हार्दिक अनुरोध गर्दछु।**

**नामः मो. रजावुल राईन**

**सम्पर्क नं.**– 9844464509

**सिम्बल नं.**– 21703791


# कम्बल र ईलेक्ट्रेनिक जग वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर ९ को वडा कार्यालयले जेष्ठ नागरिक, एकल महिला एवम् फरक क्षमताका व्यक्तिलाई कम्बल तथा इलेक्ट्रोनिक जग वितरण गरेको छ ।
वडाध्यक्ष जवहारलाल गुप्ताको अध्यक्षता तथा महानगरका उपमेयर इम्तियाज आलमको प्रमुख आतिथ्यमा बुधबार उक्त सामग्री वितरण गरिएको हो । सम्मान कार्यक्रममा उपमेयर आलमले अहिले महानगरले ३२ वटै वडाहरुमा जेष्ठ नागरिक, फरक क्षमताका व्यक्ति तथा विपन्न वर्गको लागि राहत प्याकेज ल्याउने र हरेक चौकहरुमा जाडोको समयमा दाउरा वितरण गर्ने कार्यक्रम गदै आइरहेको बताए । उनले जाडोयाममा जेष्ठ नागरिकहरुलाई न्यानो कपडा लगाएर घरमै बस्न सुझाव समेत दिए । जनताको सेवामा सधैंभरी स्वार्थ भन्दा माथि उठेर समस्याको पहिचान गरि समाधानमा लागिरहन उपमेयर आलमले वडाध्यक्ष गुप्तालाई आग्रह गरे । कार्यक्रममा १६५ जनालाई कम्बल र पानी तताउने इलेक्ट्रोनिक जग वितरण गरिएको वडाध्यक्ष गुप्ताले बताए ।
कार्यक्रममा वडा सचिव मेघराज श्रेष्ठ, वडा सदस्य गीता मानन्धर, कुमारी सोनी पासवान, लाबावु प्रसाद कलवार, नन्दकिशोर चौहान, रेणुका अधिकारी, सन्जु कोइराला लगायतको उपस्थित रहेको थियो ।

# फोनिज बाराको अध्यक्षमा पनुहर

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) बाराको चौथो जिल्ला अधिवेशनले धिरेन्द्र पनुहरको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ ।
नयाँ कार्यसमितिको उपाध्यक्ष प्रकाश श्रेष्ठ, महिला उपाध्यक्ष इन्द्रिरा चौधरी, सचिव जितेन्द्र चौधरी, सहसचिव बसन्त लामा र कोषाध्यक्ष विनीता चौधरी निर्वाचित भएका छन् । सदस्यहरूमा उमेश घलान, मुकेश चौधरी र राजकुमार लामा चयन भएका छन् । फोनिजका जिल्ला अध्यक्ष जियालाल चौधरीको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य सिकेन्द्र पासवानले पत्रकारहरूले भोग्नुपरेका चुनौतीहरूबारे चर्चा गरे । उनले अभिव्यक्ति स्वतन्त्रता र श्रम ऐनको कार्यान्वयन पत्रकारहरूको मुख्य समस्या भएको बताए ।
साथै, उनले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ७ बुँदे ध्यानाकर्षण पत्र बुझाउँदै पत्रकारहरूको समस्याको समाधानका लागि ठोस नीति ल्याउन महासङ्घ तयार रहेको जानकारी दिए । कार्यक्रमलाई फोनिजका मधेश प्रदेश अध्यक्ष दुसयन्त चौधरी, नेपाल प्रेस युनियनका मधेश प्रदेश अध्यक्ष सत्यप्रसाद श्रेष्ठ, पर्यटन पत्रकार सङ्घका जिल्ला अध्यक्ष पवन यादव, प्रेस सेन्टरका रमेश साह, भोजपुरी टाइम्स दैनिकका प्रभु यादव, र कोल्ह्वी न्यूजका सञ्चालक आशेष ढुगनालगायतले सम्बोधन गरेका थिए ।
अधिवेशनले पत्रकारहरूको हकहित र पेसागत अधिकारको संरक्षणमा महत्त्वपूर्ण पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । सहभागी वक्ताहरूले अधिवेशनको सफलताको कामना गर्दै पत्रकारिताको क्षेत्रमा देखिएका चुनौतीहरूको समाधानमा एकताबद्ध हुनुपर्नेमा जोड दिए ।

# खाल्डोमा मोटरसाइकल खस्दा युवकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवा प्रसौनी गाउँपालिका–२ मा ह्युम पाइप राख्नका लागि खनिएको खाल्डोमा मोटरसाइकल खस्दा एक जनाको ज्यान गएको छ भने अर्को व्यक्ति गम्भीर घाइते भएका छन् ।
मृत्यु हुनेमा सखुवा प्रसौनी–२, जमुनियाका २३ वर्षीय सुदर्शन चौधरी रहेका छन् । घटनामा मोटरसाइकल चालक २४ वर्षीय दीपेन्द्र चौधरी गम्भीर घाइते भएका छन् ।
मङ्गलवार राति करिब ९ बजेको समयमा पथरैयाबाट पचगावातर्फ जाँदै गरेको ना २८ प ३८१९ नम्बरको एफजेड मोटरसाइकल खाल्डोमा खसेको थियो । दुर्घटनामा मोटरसाइकल पछाडि सवार सुदर्शन चौधरी गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि वीरगंजस्थित एलएस न्युरो अस्पताल पु¥याइए पनि बचाउन सकिएन । गम्भीर घाइते भएका मोटरसाइकल चालक दीपेन्द्र चौधरीको सोही अस्पतालमा उपचार भइरहेको छ । इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक प्रकाश थापाका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ । दुर्घटनाले सडक निर्माणका क्रममा आवश्यक सुरक्षा व्यवस्थापनको अभावलाई पुनः उजागर गरेको छ ।


# क्षीरेश्वरनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### महेन्द्रनगर, धनुषा, मधेश प्रदेश

**सखुवा बजारबाट निकासी हुने (मवेसी र तरकारी) र पोखरी ठेक्का बन्दोबस्त सम्बन्धमा १५ दिने सूचना**

**पहिलो पटक प्रकाशित मिति २०८१/१०/०१**

यस नगरपालिका अन्तर्गत रहेका निम्न बजार तथा पोखरीहरुको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलको शर्तहरुको अधिनमा रही इच्छुक नेपाली नागरिक, फर्म वा कम्पनीहरुको तोकिएको अवधि भित्र रित पुर्वक शिलबन्दी दरभाउपत्रमा भाग लिन १५ दिने सूचना प्रकाशित गरिएको छ।

| सि.न | विवरण | न्युनतम ठेक्का रकम रु. | शिलबन्दी फारम दस्तुर | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र दाखिला गर्ने समय र मिति | शिलबन्दी दरभाउपत्र खोल्ने मिति र समय | शिलबन्दी दरभाउपत्र खोल्ने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सखुवा बजारबाट निकासी हुने(मवेसी र तरकारी) | ५,००,०००.०० | १०००.०० | १५ औ दिन कार्यालय समय सम्म | १६औ दिन दिनको १२ बजे सम्म | १६ औ दिन दिनको २ बजे | क्षि.न.पा को कार्यालय | |
| २ | वसनिया खोला वडा न.८ स्थित सितानगर पोखरी | १,००,०००.०० | १०००.०० | १५ औ दिन कार्यालय समय सम्म | १६औ दिन दिनको १२ बजे सम्म | १६ औ दिन दिनको २ बजे | क्षि.न.पा को कार्यालय | |
| ३ | देवकोटा टोल पोखरी, क्षि.न.पा-८ | १,००,०००.०० | १०००.०० | १५ औ दिन कार्यालय समय सम्म | १६औ दिन दिनको १२ बजे सम्म | १६ औ दिन दिनको २ बजे | क्षि.न.पा को कार्यालय | |
| ४ | मटकोरवा पोखरी, क्षि.न.पा-२ | १,००,०००.०० | १०००.०० | १५ औ दिन कार्यालय समय सम्म | १६औ दिन दिनको १२ बजे सम्म | १६ औ दिन दिनको २ बजे | क्षि.न.पा को कार्यालय | |
| ५ | कुरी पोखरी, क्षि.न.पा-१ | १,५०,०००.०० | १०००.०० | १५ औ दिन कार्यालय समय सम्म | १६औ दिन दिनको १२ बजे सम्म | १६ औ दिन दिनको २ बजे | क्षि.न.पा को कार्यालय | |

- शिलबन्दी दरभाउपत्र वापत प्रत्येक ठेक्का को छुट्टा छुट्टै रु १०००.०० को नगदी रसिद बुझाई यस कार्यालयबाट १५ दिन भित्र बोलपत्र फारम खरिद गरि सक्नु पर्ने छ।
- प्रत्येक ठेक्काको छुट्टा छुट्टै शिलबन्दी दरभाउपत्रमा ठेक्का कबोल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक महेन्द्रनगर स्थित रहेको धरौटी खाता न. १२४०१००३०३००००२ मा नगद रकम जम्मा गरेको सक्कल बैंक भौचर साथ बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रतिलिपि र फर्मको हकमा प्यान दर्ता प्रमाण पत्र, इजाजत पत्र समेतको प्रितिलिपि पेश गर्नु पर्नेछ।
- शिलबन्दी दरभाउपत्र दाताले फारम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखि खामबन्दी गरि शिल, लाहा छाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना र ठेक्का न. लेखि बोलपत्र फारम दर्ता गराउनु पर्नेछ।
- शिलबन्दी दरभाउपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ।
- शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य भोलि पल्ट ककार्यालय खुलेको दिन गरिने छ।
- न्युनतम ठेक्का रकम भन्दा सबभन्दा बढी ठेक्का रकम कबोल गर्ने शिलबन्दी दरभाउपत्रदाताको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिनेछ।
- शिलबन्दी दरभाउपत्र स्वीकृत पश्चात सम्झौता गर्न आउदा पहिलो किस्ता वापत कबोल अंकको ४० % रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक महेन्द्रनगर स्थित रहेको अन्तरिक श्रोतको खाता न. १२४०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर र बाकी २ किस्ता रकम बापतको सम्झौता अवधि सम्म म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंक बाट जारी बैंक जमानत पत्र लिई सम्झौता गर्न आउनु पर्नेछ।
- एक वर्षको ठेक्का अवधि रहेको ठेक्कामा दोस्रो किस्ता बापतको रकम ३०% रकम २०८१ पौष मसान्त भित्र र बाकी रहेको तेस्रो किस्ता बापतको रकम ३०% रकम २०८२ वैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ र ५ वर्ष पोखरी ठेक्काको हकमा शिलबन्दी दरभाउपत्र स्वीकृत पश्चात ७ दिन भित्र सम्झौता गर्न आउदा प्रथम किस्ता बापत १ वर्ष बराबरको ठेक्का रकम तथा दोस्रो, तेस्रो किस्ताहरु ठेक्का अवधि सम्म प्रत्येक वर्ष आ.व. को अन्तिम महिना असार मसान्त अगावै यस कार्यालय को अन्तरिक श्रोत खातामा बुझाई सक्कल बैंक भौचर बुझाउनु पर्नेछ।
- ठेक्का सम्झौता भइसकेपछि बन्द, हडताल वा कुनै कारण देखाई ठेक्का रकममा कुनै प्रकारको छुट र मिन्हा दिइने छैन।
- ठेक्केदारले बजारको बटि कर नगरसभाबाट निर्धारण भएको दर अनुसार उठाउनु पर्नेछ।
- ठेक्केदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयका निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।
- शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने या नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ।
- केरमेट भएको, सहि छाप नभएको, म्याद नाघी दर्ता हुने आएको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिने छैन।
- शिलबन्दी दरभाउपत्र' दाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णय लाई अन्तिम निर्णय मानिनेछ।
- यस सुचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
- सम्झौता गर्न ७ दिन भित्र सम्झौता गर्न नआएमा निजले राखेको ५ प्रतिशत धरौटी जफत गरिने छ।
- ठेक्काका अन्य शर्तहरु यस कार्यालय मार्फत जानकारी हुने र शिलबन्दी दरभाउपत्र फारम खरिद गर्दा उपलब्ध गराइने छ।

...
(प्रमुख प्रशासकीय अधिकृत)

वेवसाईटःwww. kshireshwornathmun.gov.np, इमेलःkshireshwornathmun@gmail.comफोनः- ०४१-५४००७७

# वडाबासीसँग मेयर सिंहको छलफल



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वडा नम्बर १९ का स्थानीयवासीसँग विशेष छलफल गरेका छन् । महानगरपालिकाअन्तर्गत पर्ने बरवामा विकास निर्माणका विषयमा छलफल गर्न नगर प्रमुख सिंह स्थानीयवासीसँग प्रत्यक्ष संवादमा सहभागी भए । नगर प्रमुख सिंहले विकास निर्माणका कार्यहरूको अनुगमन गर्दै स्थानीयवासीसँग समस्या र आवश्यकताबारे जानकारी लिएका थिए । छलफलका क्रममा स्थानीयले भौतिक पूर्वाधार, सरसफाइ, सडक सुधार, तथा अन्य सेवा सुविधासँग सम्बन्धित विषयमा आफ्ना गुनासा र सुझाव प्रस्तुत गरेका थिए । स्थानीयवासीले विकास निर्माण कार्यमा तीव्रता दिन, आवश्यक स्रोत साधन उपलब्ध गराउन, र ठोस योजना लागू गर्न माग गरेका छन् । प्रमुख सिंहले महानगरपालिकाको प्राथमिकता र योजनाबारे जानकारी दिँदै स्थानीयका चासो सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे । नगर प्रमुख सिंहले विकास निर्माणका कार्यहरूमा स्थानीय सहभागिता महत्त्वपूर्ण हुने बताउँदै उनीहरूलाई महानगरसँग सहकार्य गर्न आग्रह गरे । यस प्रकारका प्रत्यक्ष संवाद र अनुगमनले स्थानीय स्तरमा देखिएका समस्याहरू समाधान गर्न र विकास निर्माणका कार्यहरूलाई प्रभावकारी बनाउन मद्दत पुऱ्याउने विश्वास गरिएको छ ।

# बागमती–पथलैया सडक ह्याम मोडलमा निर्माण गर्ने योजना स्थगित

**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत बागमती–पथलैया सडक खण्डलाई ह्याम (हाइब्रिड एनयूटी मोडल) मोडलमा निर्माण गर्ने सरकारको योजना स्थगित भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव सुशिलबाबु ढकालले कानुनी जटिलता र निर्माण व्यवसायीको क्षमताका कारण उक्त योजना तत्कालका लागि अघि नबढ्ने जानकारी दिए ।
कमला–ढल्केबर–पथलैया सडक खण्डको केही भाग ह्याम मोडलमा निर्माण गर्ने योजनाका लागि सरकार र विश्व बैङ्कबिच ऋण सम्झौता भइसकेको थियो । तर, बागमती–पथलैया खण्डको ५३ किलोमिटर सडक ह्याम मोडलमा निर्माण गर्ने प्रयास कानुनी अड्चनका कारण अघि बढ्न नसकेको ढकालले बताए । सरकारले ह्याम मोडलमार्फत सडक निर्माण गर्न निजी क्षेत्र र सरकारबीचको साझेदारीलाई प्राथमिकता दिएको भए पनि तत्काल यो मोडलमार्फत निर्माण सम्भव नभएको स्पष्ट भएको छ ।
बागमती–पथलैया खण्ड विस्तार गर्ने विषयमा तत्काल कसरी अघि बढ्ने भन्नेमा अन्यौलता छ । ढकालका अनुसार, एशियाली हाइवे स्ट्यान्डर्ड अन्तर्गत कमला–ढल्केबर–बागमती खण्डको ७७ किलोमिटर सडक विस्तार गर्न तीन प्याकेजमा ठेक्का लागिसकेको छ । तर, बागमती–पथलैया खण्ड विस्तारका लागि विश्व बैंकको ऋण उपलब्ध नभएकाले आन्तरिक स्रोतबाट निर्माण अघि बढाउन सरकारलाई कठिनाइ रहेको छ ।

# मधेशमा भएका छुट्टाछुट्टै दुर्घटनामा ४ को मृत्यु

**मधेशदृष्टि**
**वीरगज ।**
मधेशको विभिन्न जिल्लामा दुरघटनामा परी ४ जनाको मृत्यु भएको छ । बाराको फेटा गाउँपालिका–३ फेटा बजारस्थित सडकमा प्र.२–०३–००१ त २७७६ नम्बरको ट्याक्टरले बीआर ०५ एएफ ०६४३ नम्बरको मोटरसाइकललाई मंगलबार बेलुकी ठक्कर दिँदा मोटरसाइकल चालक भारत बिहार राज्य मोतिहारी बस्ने ३० वर्षीय मिन्टु रामको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।
यसैगरी बारा, जीतपुरसिमरा उपमहानगरपालिका–२ स्थित सडकमा जीतपुरबाट सिमरातर्फ आउँदै गरेको ना.२८ प ९३४० नम्बरको मोटरसाइकल अनियन्त्रित भई मंगलबार राति दुर्घटना हुँदा चालक पर्सा वीरगंज महानगरपालिका–३१ बस्ने २२ वर्षीय सुशान्त चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको बयोधा अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको एभरग्रीन तराई अस्पताल सिमरामा उपचार भइरहेको छ ।
यस्तै बारा, महागढीमाई नगरपालिका–७ तेलकुवास्थित सडकमा बिआर ०५ एक्स ७९३१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई मंगलबार राति दुर्घटना हुँदा चालक भारत बिहार मोतिहारी आन्द्रा बस्ने ३८ वर्षीय रामबाबु पाठकको मृत्यु भएको छ ।दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल कलैयामा उपचारको क्रममा मृत्यु भएको हो ।
उता सिराहाको नरहा गाउँपालिका–३ चौहर्वास्थित सडकमा स.१ प ९४६३ नम्बरको मोटरसाइकल र प्र.१.०२–०५५ प ६१२३ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई मंगलबार दिउँसो दुर्घटना हुँदा स.१ प ९४६३ नम्बरको मोटरसाइकल चालक मिर्चैया नगरपालिका–१० बस्ने ४५ वर्षीय रघुबिर मण्डलको मृत्यु भएको छ ।दुर्घटनामा गम्भीर घाइते भएका उनको थप उपचारको लागि विराटनगरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका प्र.१.०२–०५५ प ६१२३ नम्बरको मोटरसाइकल चालकलाई थप उपचारको लागि नोबेल अस्पताल विराटनगर पठाइएको छ भने सोही मोटरसाइकलमा सवार १ जनाको लाईफ लङ अस्पताल गोलबजारमा उपचार भइरहेको छ ।

# 'विपद् जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिका कमजोर'

**मधेशदृष्टि**
**वीरगंज ।**
विपद जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिका प्रभावकारी नभएको सरोकारवालाहरुले बताएका छन् । २७ औं भूकम्प सुरक्षा दिवसको अवसरमा बुधबार आयोजित अन्तरसंवाद कार्यक्रममा विपद जोखिम न्यूनीकरणमा स्थानीय तहको सरकारको भूमिका प्रभावकारी नदेखिएको सहभागी सरोकारवालाहरुले औंल्याईएका हुन् । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले भवन निर्माण मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गर्नुभन्दा पनि लागत खर्च सस्तो खोजेर भवन निर्माण गर्ने गर्दा पनि भूकम्पीय जोखिम हुने गरेको बताए । सहभागीहरुले विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी, सावधानी, रातह उद्धारमा स्थानीय तहको सरकारले देखाउनुपर्ने सक्रियता कम हुँदा जनधनको क्षति हुने गरेको बताए ।
विपद आउने समयमा पनि सावधानी नपाउने नेपाली समाजको प्रवृत्ति रहेको बताउदै उनले राहत उद्धारका लागि पनि कानूनी झमेला बढी रहेको सहभागीहरुको भनाई थियो । भौगोलिक कठिनाई, नागरिकको चेतनामा कमी तथा अन्य विविध कारणले पनि विपद जोखिम न्यूनीकरण तथा व्यावस्थापनमा चुनौतीहरु हुने गरेको बताए ।
कार्यक्रममा वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह, विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुख, सरकारी कार्यालयका प्रमुखहरु, पालिकाका प्रमुख प्रशासकीय अधिकृत, राजनीतिक दलका प्रतिनिधिहरु तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१०/३ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले राजविराज शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री नव उदय बचत तथा ऋण सहकारी संस्था लि.**
**रजिष्टर्ड ठेगाना : बेल्टार १, उदयपुर ।**
**हालको ठेगाना चौदण्डीगढी न.पा. ७, उदयपुर** **दर्ता नं: ३/०६५/६६**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : किशोर ताम्राकार (अध्यक्ष जमानीकर्ता)**
बुवा : ईश्वर ताम्राकार
बाजे : सुर्य बहादुर ताम्राकार
ना प्र नं.: १६८२, खोताङ
ठेगाना : : दिक्तेल २, खोटाङ
हाल बेल्टार १, उदयपुर

**२) नाम: भगवती तमोट (उपाध्यक्ष जमानीकर्ता )**
पति : अम्बर बहादुर थापा
ससुरा : मिन बहादुर थापा
बाबु : दिल बहादुर टमोट
ना.प्र.नं: १४७३, उदयपुर
ठेगाना : बेल्टार २, उदयपुर

**३) नाम : नगेन्द्र तिम्सिना (सचिव जमानीकर्ता)**
बाबु दिनानाथ तिम्सिना
बाजे : चक्र प्रसाद तिम्सिना
ना.प्र.नं: ३४०, उदयपुर
ठेगाना : बेल्टार १, उदयपुर

**४) नाम: रिना राज भण्डारी (कोषाध्यक्ष जमानीकर्ता )**
बाबु : हरिराज भण्डारी
ससुरा ईश्वर ताम्राकार
पति किशोर ताम्राकार
ना.प्र.नं: ११२६१/७०२४, खोटाङ
ठेगाना : बेल्टार १, उदयपुर ।

**५) नाम : ममिता श्रेष्ठ (सदस्य जमानीकर्ता)**
बाबु : नर नारायण श्रेष्ठ
पति : हरि शाक्य
बाजे हर्स नारायण श्रेष्ठ
ना.प्र.नं: ११७९, खाटाङ
ठेगाना : बेल्टार ४, उदयपुर

**६) नाम : श्रीजना कुमारी तमोट (सदस्य जमानीकर्ता)**
पति शेर बहादुर खडका
बाबु : दिल बहादुर तमोट
बाजे : जित बहादुर तमोट
ना.प्र.नं: स खो ५, खोटाङ
ठेगाना : बेल्टार २, उदयपुर

**७) नाम : पुजा चौहान (सदस्य जमानीकर्ता)**
बाबु : शिवहरी चौहान क्षेत्री
ससुरा कुल बहादुर कार्की
पति : सरोज सिंह कार्की
ना.प्र.नं : ७९७३६, मोरङ
ठेगाना : विराटनगर २, मोरङ

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. सुर्य बहादुर ताम्राकारको नाती इश्वर ताम्राकारको छोरा खोटाङ्ग जिल्ला दिक्तेल गा.वि.स. वडा नं. २ बस्ने किशोर ताम्राकारको नाममा मालपोत कार्यालय गाइघाट उदयपुरमा दर्ता श्रेस्ता कायम रहेको उदयपुर जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. ८(क) को कित्ता नं. १५६२ र २९९२ को क्षेत्रफल ०-१-१० र ०-१-१७ जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. मीन बहादुर कार्कीको नाती कुल बहादुर कार्कीको छोरा उदयपुर जिल्ला बेल्टार गा.वि.स. वडा नं. ४ बस्ने सरोज सिंह कार्कीको नाममा मालपोत कार्यालय गाइघाट उदयपुरमा दर्ता श्रेस्ता कायम रहेको उदयपुर जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. ८(क) को कित्ता नं. २४२३ को क्षेत्रफल ०-२-० जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. सुर्य बहादुर ताम्राकारको बुहारी इश्वर ताम्राकारको श्रीमती उदयपुर जिल्ला बेल्टार गा.वि.स. वडा नं. १ बस्ने निर्मला ताम्राकारको नाममा मालपोत कार्यालय गाइघाट उदयपुरमा दर्ता श्रेस्ता कायम रहेको उदयपुर जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. ९(ग) को कित्ता नं. ४६ को क्षेत्रफल ०-१२-९ जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. चक प्रसाद तिम्सिनाको नाती दिकनाथ तिम्सिनाको छोरा उदयपुर जिल्ला बेल्टार गा.वि.स. वडा नं. १ बस्ने नगेन्द्र तिम्सिनाको नाममा मालपोत कार्यालय गाइघाट उदयपुरमा दर्ता श्रेस्ता कायम रहेको उदयपुर जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. ८(क) को कित्ता नं. ३४५९ को क्षेत्रफल ०-०-११ जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. सुर्य नारायणको नाती नर बहादुरको छोरा खोटाङ्ग जिल्ला फाक्टाङ्ग गा.वि.स. वडा नं. ३ बस्ने रविन कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय गाइघाट उदयपुरमा दर्ता श्रेस्ता कायम रहेको उदयपुर जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. ८(क) को कित्ता नं. १२१३ को क्षेत्रफल ०-१-० जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop

Madhesh Province Government
Ministry of Industry, Commerce and Tourism
## Tourism Development Office
Gaur, Rautahat

## Invitation for Electronic Bids

Date of publication 2025-01-16

1. The Tourism Development Office, Gaur, Rautahat Excutive Invites electronic bids from eligible bidders for the following works. A complete set of Bidding Documents is available online and can be download from e-GP system:https://bolpatra.gov.np/egp/PPMO'sportals specified in the bidding date sheet.

| S.N. | Contract No. | Description of Work | Exclusive of VAT, PS and Contigencies | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TDO/NCB/W/ 15/2081/082 | KailashpuriHariwanParyatikiyaChhetraPurwadharaBikash ,Hariyon Na.Pa-6,Sarlahi | 5134978.18 | 150000 | 3000 |
| 2 | TDO/NCB/W/ 16/2081/082 | KalapanidekhiViewtowet Jane Paidal Marg Nirman,WardaKaryalyamathi Braham IstantathaPaidalsardak Interlocking block Nirman,Chandrapur-3, Rautahat | 4278694.10 | 125000 | 3000 |
| 3 | TDO/NCB/W/ 17/2081/082 | BanbauhariTalalo Chaudhari tole ma ChhathGhattatha truss nirman , Shree ram Janki math ko Compaund wall tathaDharmasalanirman, chhathi ghat Nirman Tatha Pokharisaundrikaran,Chandrapur Na.pa-7 ,Rautahat | 4279617.75 | 125000 | 3000 |
| 4 | TDO/NCB/W/ 18/2081/082 | Dabatul Kuran Madrsha Nirman Karya,Bhutahitolmaadhuro Masjid Nirman Karya ra Jamiya Islamiyaadhurobhawan Nirman,Rajpur-1,2,3, Rautahat | 4278157.05 | 125000 | 3000 |
| 5 | TDO/NCB/W/ 19/2081/082 | Shiv Mandir Nirman Bibah Mandap ko compaund wall nirman,KhapAdhuro Radhakrishna Mandir Nirman,Paroha Na.pa-6, 4- Laukaha,9-Rampur | 4280025.51 | 125000 | 3000 |
| 6 | TDO/NCB/W/ 20/2081/082 | BanabatikaPokhariMaramat Sambhar tathasaundrikaran,Labandi-6,Sarlahi | 4282586.56 | 125000 | 3000 |
| 7 | TDO/NCB/W/ 21/2081/082 | Kabir Math Antargat Bhue DhalanKarya,BrahamSthan ma CompaundWall,Hanuman Mandir Nirman karya,Maulapur Na.pa | 4279043.64 | 125000 | 3000 |
| 8 | TDO/NCB/W/ 22/2081/082 | Braham sthan ko Mandir Nirman,ShreeRamjanki math ko Compaund wall Nirman,BabaBhuweneswarnathAstjamgharNirman,Madha vnaryan na.pa-7,Gaur na.pa-7,Durgabhagwati-7 | 4278157.05 | 125000 | 3000 |

2. Date of Pre-Bid meeting. Last Date of Purchasing. Submission and Opening of Bids.

| Contract No. | Bid Validity Period | Bid Security Validity Period | Last date of Purchase of Bids | Last date of Submission of Bids | | Opening of Bids | |
|---|---|---|---|---|---|---|---|
| | | | | Date | Time | Date | Time |
| NCB | 90 Days from Bid Opening | 120 Days from Bid Opening | 16-Feb.-2025 | 16-Feb.-2025 | 12:00 Noon | 16-Feb.-2025 | 13:00 Noon |

| Name of Bank | Name of Office | Office Account No. | |
|---|---|---|---|
| | | for Bid Fee | for Bid Security |
| Rastriye Banijay Bank Ltd. | Pradesh Lekha EkaiKaryalaya, Chandrapur, Rautahat | 1000100200010000 | 1210100202030000 |

3. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number:1000100200010000, Rajashwa (Revenue) Heading No.-14229, OfficeCode No. 3070020012 in Rastriya Banijya Bank Ltd.
4. Bid must be accompanied by a Bank Guarantee issued by "A" Class Commercial Bank in Nepal drawn in favour of the TDO, Gaur, Rautahat, Madhesh ProvinceGovernment in the format supplied in the Bid document or the form acceptable to the TDO, Gaur, Rautahat. If the Bidder wishes to submit bid security in the form of cash, the cash should be deposited in. Account KHA.2-3 DHARAUTI A/C (PRA. LE. NI. KA) Pradesh Lekha Ekai Karyalaya, Chandrapur, Rautahat
5. The Employeer reserves the right to accept or reject any bid and to annual the bidding process and reject all Bids

सम्पादकीय

# फर्केको जाडो र कष्टकर जनजीवन

*मधेशमा एकाएक चिसो पुनः फर्किएको छ। अब त चिसो घटेर तातोपना बढ्ला भन्ने अनुमान फेल भएको छ । फेरि चिसो बढेको छ । यसले सर्वसाधारणलाई निकै प्रभावित पारेको छ । माघको पहिलो सातादेखि जाडो घट्ने अनुमानलाई चिसोले चुनौती दिएको छ। पश्चिमी वायुका प्रभावले सीमावर्ती भारतीय केही शहरमा पनि जाडो बढिरहँदा नेपालमा पनि यसको प्रभाव परेको हो । यहीकारण हामीकहाँ जाडो दोहोरिएर आएको हो । चिसो अत्यधिक बढेपछि मधेशको एक मात्र महानगर वीरगंज महानगरपालिकाले नगर क्षेत्रका विद्यालयमा दोहोर्‍याएर तीन दिनका लागि जाडो बिदा थप गर्नु परेको छ। शितलहरसँगै बढ्दै गएको चिसो मौसमलाई मध्यनजर गर्दै महानगरपालिकाले विद्यालयमा फेरि बुधबारदेखि ३ दिनका लागि जाडो बिदा थप गरेको हो। यसो गर्दा विद्यार्थीहरु अब एकैपटक आइतबार मात्र विद्यालयमा आउने छन् । महानगरपालिकाले वर्षे बिदामा कट्टा हुने गरी माघ २ गते बुधबारदेखि माघ ४ गते शुक्रबारसम्म वीरगंज महानगरभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा जाडो बिदा दिएको छ।*

*मधेशमा जाडोले कठ्यांग्रिने अवस्था छ । सबैभन्दा सुगम भए पनि मधेशको जनजीवन अति साधारण छ। हाइफाइ जिन्दगी नभएकाले अत्यन्त गर्मी र अत्यन्त जाडोको कहर यहाँका नागरिकले सहनु पर्छ । गर्मीमा बजार निस्कनै सकिन्न। जाडोमा पनि उस्तै हुन्छ, कैयौँ दिन घाम देखिन्न । डम्म ढाक्ने हुस्सु र कुहिरोले अनेक अनिष्ट लिएर आउँछ। जाडो मात्रै होइन, दुर्घटना, अरु कैयौँ विपत्ति पनि लिएर आउँछ। जाडोबाट बच्न आगो ताप्दा आगलागीको उस्तै खतरा छ। जाडोबाट बच्न पुरुषहरु अत्यधिक मदिरा पिएर बेहोस हुने र चिसोमै लडेर ज्यान जाने खतरा छ। यस्तो दयनीय अवस्थाको मधेशी जीवनलाई रुपान्तरण गर्ने भनेर सबै भोट माग्छन् । अन्ततः चोकमा एकाध अंगालो दाउरा बाँडेका भरमा जनताको भोटको हिसाब चुक्ता भएको घमण्ड गर्छन् । सर्वसाधारण पनि उस्तै छन्, गरिखाने वर्गलाई राजनीति गर्ने वर्गसँग कुस्ती खेल्ने त के चोर औँला ठड्याउने अवस्था पनि छैन। उनीहरु दबिएर बस्नु पर्ने अवस्था छ । उनीहरुलाई समाजका ठूलाबडाले नै दबाउने गरेका छन् । ठूलो स्वर गर्नसमेत निषेधजस्तै छ विपन्न र अल्पसंख्यक समुदायका लागि । यसैले जाडो वश सहेर कटाउनेबाहेक उनीहरुसँग कुनै विकल्प छैन।*

*वीरगंज महानगरपालिकाले यसअघि पुस २४ देखि पुस २६ गतेसम्म पनि विद्यालयमा जाडो बिदा दिएको थियो । मधेशका अरु जिल्लामा पनि विद्यालय बन्द भएको थियो। वीरगंजसहित तराई–मधेशमा माघ १ गतेदेखि फेरि चिसो बढ्दै गएका कारण जनजीवन प्रभावित भएको छ । हुस्सु लाग्नुका साथै शितलहर चल्न थालेपछि वृद्धवृद्धा, बालबालिका र दैनिक ज्याला मजदुरीमा काम गर्नेलाई बढी सास्ती भएको छ। यस्तो बेला होसियारी अपनाउने, सतर्क भएर बस्ने र आफ्ना परिवारका सदस्य कतै जाडोको कहरमा फसेका छन् कि भनेर चासो लिने काममा सबै सचेत रहनु पर्दछ।*

# कति सिकियो त भूकम्पले सिकाएको पाठ



श्रीरामसिंह बस्नेत

माघ २ अर्थात् भूकम्प सुरक्षा दिवस। नेपालमा यो दिवस मनाउन थालिएको पनि २६ वर्ष पूरा भइसकेको छ । वि.सं.२०५५ मा पहिलोपटक भूकम्प सुरक्षा दिवस मनाउँदाको क्षण सम्झना हुन्छ।

विगतको कुनै ठूलो भूकम्पलाई आधार मानेर वर्तमानमा जनचेतना र राज्यको सक्रियता बढाई भविष्यलाई सुरक्षित बनाउने यो अवधारणा नेपालका लागि मात्र हैन विश्वमै एउटा नयाँ प्रयोग थियो । त्यसैले यसबारे सरकार र सम्बन्धित पक्षलाई कुरो बुझाउन निकै कठिन भएको थियो। यसका लागि भूकम्प प्रविधि राष्ट्रिय समाज (एनसेट) र तत्कालीन गृह मन्त्रालयले निकै परिश्रम गरेका थिए।

यो दिवस २०५५ साल देखि मनाउन थाले पनि यसका लागि प्रयास भने करिब तीन वर्षअघिदेखि नै चलेको थियो। यदि सुरुमै प्रयास सफल भएको भए आज २७ औं हैन ३० औं भूकम्प सुरक्षा दिवस मनाइरहिएको हुन्थ्यौँ। यो अनौठो खालको दिवस उद्घाटन गरेर श्रीगणेशः गर्न पाएकामा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला निकै उत्साहित हुनुहुन्थ्यो।

यो २६ वर्षको अवधिमा नेपालमा धेरै कम्प र परकम्पहरु आइसकेका छन्। त्यसैले अब भूकम्प कसैका लागि पनि 'दैवको लिला' रहेन। अन्त्र त केही वर्ष अघिसम्म पनि नेपालमा प्रकोपलाई दैवको दोष मान्ने चलन थियो । त्यसैले प्रकोपसम्बन्धी ऐनको नाम नै दैवी प्रकोप ऐन राखिएको थियो।

तर अब पुराना सोच र शैलीमा केही परिवर्तन आई सकेको छ । भूकम्प सुरक्षा दिवस मनाउनुको सबैभन्दा ठूलो औचित्य र उपलब्धि भूकम्पीय सुरक्षाप्रति व्यापक जनचेतना जागृत गराउनु र सम्बन्धित निकायहरुलाई झक्झकाउनु हो । यो दिवसको पृष्ठभूमि १९९० माघ २ गतेको महाभूकम्पलाई मान्नुको कारण अहिलेसम्म नेपालमा आएका भूकम्पमध्ये सबैभन्दा बढी शक्तिशालीको भूकम्प भएको र यसको राजनीतिक, सामाजिक र आर्थिक प्रभाव व्यापक हुनु हो । कतिपयलाई ९० सालको भूकम्पको राजनीतिक प्रभाव के होला र ? भन्ने लाग्न सक्दछ।

तर यथार्थ फरक छ। यो महाभूकम्प आउँदा नेपाल ८७ वर्षअघिदेखि जहानीया एकतन्त्री राणाशासनमा जकडिएको थियो, जसमा न त नागरिक अधिकार थियो न त नागरिकहरुलाई नै आफ्नो क्षमताबारे कुनै अन्दाज थियो। त्यतिखेर सबैजसो आफ्नै भाग्यलाई दोष दिंदै पशुतुल्य जीवन बिताइरहेको थिए । त्यस्तो अवस्थामा महाभूकम्पले यस्तो हलचल ल्याइदियो कि त्यसले जमिन मात्र हल्लाएन, जनताको सोच्ने र गर्ने शक्तिलाई समेत हल्लाएर ब्युँताइदियो।

आपत्को अवस्थामा सङ्गठित भएर निःस्वार्थ भावले काम गरेमा जस्तोसुकै ठूलो काम पनि गर्न सकिंदो रहेछ भन्ने तत्व ज्ञान महाभूकम्पले ल्याएको विनाशपछि उद्धार र राहत कार्यमा अहोरात्र खटिएका नेपालीहरुले पहिलो पटक बुझे। साथै, भूकम्पपछि विचलित भएका जनमानसलाई सान्त्वना दिन प्रेरणादायी प्रवचनहरु पनि थालियो। मानिसहरु आपसमा सरसल्लाह, छलफल गर्ने गर्न थाले।

नत्र त राणाका जासुसहरुले दुःख दिन्छन् भनेर भित्ताको पनि कान हुन्छ, बोल्न हुँदैन भनेर कुरा गर्नै डराउँथे । महाभूकम्प पछि उत्पन्न जटिल परिस्थितिले त्यो डर भगाइदियो। उद्धार र राहत कार्यमा खटिएका विशेष गरी युवकहरुले आफ्नो शक्तिलाई बुझे जसले गर्दा उनीहरुलाई विस्तारै सङ्गठित हुन सजिलो बनायो । त्यो सङ्गठित भावनाले गोप्यरुपमा राजनीतिक र खुलारुपमा सामाजिक सङ्गठनहरु स्थापना गर्न हौसला दियो। स्मरण रहोस् राणाकालमा जति पनि राजनीतिक र सामाजिक सङ्घसंस्था, सङ्गठन स्थापना भए ती सबैजसो महाभूकम्पपछि मात्र स्थापना भएको इतिहास छ। नेपालका चार महान वास्तविक शहीद दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठ महाभूकम्पकै उपज हुन् । महाभूकम्पको सामाजिक र आर्थिक प्रभावबारे त सर्वविदितै छ।

भूकम्प सुरक्षा दिवस मनाउने प्रचलन सुरु नहुँदासम्म पुराना पुस्ताका नेपालीका लागि ९० साल माघ २ गते एउटा बिर्सनै नसकिने घटनामा सीमित थियो भने नयाँ पुस्ताका लागि त्यो भूकम्प कुनै दन्त्यकथाजस्तो मात्र थियो। किनकि त्यसबाट कुनै पाठ सिकेर समुदायलाई भूकम्पीय सुरक्षातर्फ क्रियाशील बनाउने काम न त कुनै राज्यस्तरबाट भएको थियो न जनस्तरबाट।

सबै भगवान भरोसामा थिए। २०५५ साल माघ २ गतेदेखि सार्वजनिक रुपमै भूकम्प सुरक्षा दिवस मनाउन थालिएपछि सबैको ध्यान भूकम्पप्रति आकृष्ट भयो र भूकम्प घरघरको र टोलटोलको चर्चाको विषय बन्यो । हरेक वर्ष मनाइने भूकम्प सुरक्षा दिवसले एउटा नारा बोकेको हुन्छ । यस पटकको नारा 'भूकम्पले सिकाएको पाठः बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ' भन्ने छ । अहिलेसम्म देश र विदेशमा गएका भूकम्पहरुले सिकाएको एउटै पाठ के हो भने भूकम्प आफैंले मान्छे मार्दैन, तर भूकम्पले भत्काएका कमजोर संरचनाहरुले मान्छे मार्छ भन्ने नै हो। तसर्थ, हरेक संरचना बलियो बनाउनु पहिलो काम हो।

तर हामी कहाँ अझै पनि किफायतको नाममा, कानुन मिचे ठूलो मानिन्छ बनिन्छ भन्ने भ्रममा, मुनाफा बढी कमाउने लालचमा सार्वजनिक निर्माण कम गुणस्तरको बनाउनेलगायत धेरै कारणहरुले संरचना जति बलियो बनाइनु पर्ने हो त्यसो हुन सकिरहेको छैन। भवन निर्माण संहिताको अक्षरशः कार्यान्वयन अझैसम्म पूर्ण सन्तोषजनक हुन नसक्नु कम चिन्ताको विषय होइन । यसमा कतिपय नीतिगत कमीकमजोरी पनि छन् भने कतिपय नियतगत्।

ठेक्का प्रथाबाट निर्माण गरिने संरचनाहरु सार्बजनिक खरिद ऐनअनुरुप हुनुपर्ने र उक्त ऐनले कामको गुणस्तरलाई नभई न्यूनतम् मूल्यलाई मात्र प्राथमिकता दिने भएकाले पनि कतिपय ठूला, साना संरचनाहरु जति बलियोसँग निर्माण हुनुपर्ने हो त्यो नभएको पाइने गरेको छ।

बलियो संरचनाको सन्दर्भमा अर्को महत्वपूर्ण पाटो हो प्रबलीकरण अर्थात् रेट्रोफिट । नयाँ संरचना निर्माणको प्रारम्भदेखि नै तोकिएको मापदण्डअनुसार निर्माण गरेर संरचनालाई बलियो बनाउनुपर्छ भने पहिले नै बनिसकेका संरचनाहरुलाई प्रबलीकरण प्रविधिको माध्यमबाट बलियो बनाउन सकिन्छ।

प्रबलीकरण कति भरपर्दो प्रविधि हो भन्ने तथ्यलाई २०७२ वैशाखको गोरखा भूकम्पले स्पष्टसँग प्रमाणित गरिसकेको छ। त्यो भूकम्प आउनुभन्दा केही वर्ष अगावै प्रबलीकरण गरिएका विशेष गरी केही सरकारी विद्यालय भवनहरुलाई गोरखा भूकम्पले क्षति नगरेको तर प्रबलीकरण नगरिएका विद्यालय भवनहरु भने धेरै भग्नावशेषमा परिणत भएका उदाहरण हामीसँग छन्। तसर्थ नयाँ निर्माण गरिने संरचना मात्र हैन पुराना संरचनाहरुलाई बेलैमा प्रबलीकरण गरी सुरक्षित पार्नु पनि त्यति नै जरुरी छ । यो सत्यलाई मनन् गर्दै नेपालमा पनि प्रबलीकरणका केही कामहरु उत्साहजनक रुपमा भएका छन्, कतै हुँदैछन्। जस्तै सबौच्च अदालत भवन, त्रिचन्द्र कलेजको पहिलो भवन आदि।

नेपालका विभिन्न स्थानमा रहेका सरकारी, संस्थागत, निजी संरचनाहरु कतिपय ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्व बोकेका सम्पदाहरु छन्, जो जोखिमको अवस्थामा छन् । तिनलाई क्रमैसँग प्रबलीकरण गर्नु गराउनु राज्यको दायित्व हो । सबै संरचनाको प्रबलीकरण एकै आर्थिक वर्षभित्र गर्न सम्भव नहोला। तर चरणबद्ध रुपमा त्यस्ता महत्वपूर्ण पुराना संरचनाहरुलाई प्रबलीकरण गर्ने नीति, कार्ययोजना र कार्यक्रम राज्यसँग हुनु अपरिहार्य छ।

प्रबलीकरणका लागि अहिले दश लाख रुपैयाँ खर्च गर्न गाहे मान्दा वा अलमल गर्दा भोलि कुनै पनि बेला दश करोडको क्षति हुनसक्ने सम्भावना अत्यधिक हुन्छ । स्पष्ट भूमिका र औचित्य नदेखिएको भनी आलोचना खेपिरहेको प्रत्येक प्रदेश सरकारले आफ्नो प्रदेशभित्रका पुराना महत्वपूर्ण संरचनाहरुको प्राविधिक अध्ययन गराई तिनलाई क्रमैसँग प्रबलीकरण गराएका प्रदेशका लागि मात्र हैन, देशकै लागि ठूलो योगदान हुनेछ।

प्रबलीकरण प्रारम्भ गरिहाल्न नसके पनि अहिले त्यस्ता संरचनाहरुको प्राविधिक अध्ययन गराएर आगामी आर्थिक वर्षको योजनामा पारी प्रबलीकरण कार्यान्वयन गर्न सकिएमा ठूलो उपलब्धि हुनेछ। यो काम गर्न प्रदेश सरकारलाई कुनै ऐन, कानुन र अधिकारको अभावले छेक्दैन, इच्छा शक्तिकै अभाव छ भने बेग्लै कुरा हो।

प्रश्न भूकम्पको मात्र हैन। बाढी, पहिरो, आगलागी, लू, शीललहर, चट्याङ, हिमपहिरो आदि अनेकौँ विपद् हामीले ऋतुअनुसार नियमित रुपमा भोग्नुपर्ने नियति बनेका छन्, जसलाई टार्न सकिदैन तर ती विपद्बाट जनधनलाई धेरै हदमा जोगाउन भने सकिन्छ। तर कसरी ? मूल प्रश्न र चुनौती यही नै छ। यसको समाधानको एकमात्र उपाय आजको नाराले बोकेको छ अर्थात् सुदृढ पूर्वतयारीका साथ।

दर्जनौं रोगको एउटै अचुक औषधि भने जस्तै सबैखाले विपद्बाट जोगिने एउटै उपाय सुदृढ पूर्वतयारी नै हो । तर बिडम्बना हामी त्यसैमा कमजोर छौँ। हरेक पटकको विपद्ले पूर्वतयारीमै कमजोर रहेको भनेर हामीलाई धिक्कारी रहे झैं प्रतीत हुन्छ । विपद्को पीडा कस्तो हुन्छ भन्ने अनुभूति विपद् भोगेको वास्तविक पीडितलाई मात्र थाहा हुन्छ, निरीक्षण गर्न गएकाहरुलाई हुँदैन । तसर्थ, सुदृढ पूर्वतयारी विश्वसनीय नभएसम्म विपद्को पीडाबाट जोगिन सकिएला भनेर ढुक्क हुन सकिदैन।

सुदृढ पूर्वतयारीका लागि सबैभन्दा प्रभावकारी र अपरिहार्य माध्यम भनेको स्थानीय निकाय नै हुन्। तर निकाय भएर मात्र हुँदैन, ती निकाय जनशक्ति र साधन स्रोत सम्पन्न हुनु पनि अपरिहार्य छ। कुनै पनि विपद्मा पहिलो मद्दतदाता (फस्ट रेस्पोन्डर) छिमेकी वा स्थानीय व्यक्ति नै हुन्छन् । त्यसैले स्थानीय निकायले हर घर परिवारलाई विपद्सँग पहिलो सामना गर्न सक्ने क्षमतावान बनाउनु पर्दछ।

यसमा मुख्य तीन पक्ष पर्दछन्–पहिलो ठाउँको प्रकृतिअनुसार आउन सक्ने हरेक किसिमका विपद्सँग पहिलो सामना गर्न सक्ने ज्ञान भएको जनशक्ति, जस्तै छिमेकको घरमा आगलागी भयो भने नजिकका छिमेकीहरुले के गर्ने, के नगर्ने ?, दोस्रो पक्ष आधारभूत प्राविधिक सीप भएका स्वयंसेवकहरु, जस्तै नदी वा पोखरीमा डुबेको मानिसलाई बचाउन सक्ने, कृत्रिम श्वासप्रश्वास दिन सक्ने आदि दक्षता भएका। तेस्रो आधारभूत साधन स्रोत, जस्तै आपत्कालीन औषधि, घाइते बोक्ने स्ट्रेचर, ह्विलचियर, साबेल, पिक, डोरी, सवारीसाधन आदि । प्रत्येक स्थानीय निकायले वडा स्तरमा र वडामार्फत टोल टोल र गाउँघर, परिवारसम्म पुर्‍याउनु पर्दछ।

यति तीन पक्ष पूरा गर्न कुनै ठूलो आकारको बजेट एकैपटक आवश्यक पर्दैन। चरणवद्ध रुपमा क्रमशः पूरा गर्दै लान सकिन्छ, निरन्तर कार्यक्रमका रुपमा। यसका लागि दुई कुरा मात्र आवश्यक छन्–स्थानीय तहका प्रत्येक जनप्रतिनिधिहरुमा इमान्दारी र इच्छा शक्ति । यी दुई कुराको अभाव छैन भने स्थानीय स्तरलाई सुदृढ पूर्वतयारीको विश्वसनीय आधारका रुपमा विकसित गर्न सकिन्छ, जो नेपाल जस्तो बहुविपद्को जोखिम भएको मुलुकका लागि अपरिहार्य हुन्छ।

अरु मुलुकहरुमा जस्तै नेपालमा पनि मितिअनुसार पूर्व निर्धारित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरु मनाइन्छ । औपचारिक कार्यक्रममा तामझाम गरेर दिवस मनाउनु एउटा कुरा हो तर दिवसको उद्देश्यअनुसार कुनै ठोस काम गरेर त्यो एक दिनका लागि मात्र हैन दिगो प्रभाव पार्न सकियो भने मात्र कुनै पनि दिवस मनाउनुको सार्थकता रहन्छ र यो अलि बेग्लै कुरा हो।

आमसञ्चार माध्यमहरुलाई मात्र केही बेर काम लाग्ने, आमजनमानसलाई कुनै लाभ नहुने गरी दिवस मनाउने हो भने हामी जति यात्रा गरे पनि जहाँको त्यहीं रहेको स्थुल प्राणी जस्तो हुनेछौँ। तसर्थ, हरेक दिवस मनाउँदा अघिल्लो वर्षको दिवस मनाउँदा भन्दा यति कदम अगाडि बढन सफल भइयो भन्ने आत्मसन्तोषको स्पष्ट अनुभूति पाउन सक्नुपर्दछ। अर्को माघ २ गते २८ औं भूकम्प सुरक्षा दिवस मनाउँदा त्यस्तो अनुभूति अनुभव हुने गरी हामी सबैले काम गरौँ। रासस

# पूर्वतयारीका लागि संकल्प जरुरी

प्रगति ढकाल

विसं १९९० को विनाशकारी भूकम्पको त्रास बेहोर्नेहरु अहिले निकै कम सङ्ख्यामा हुनुहुन्छ। तत्कालीन भूकम्पको त्रासदीपूर्ण अनुभव सङ्गालेकाहरु कम भए पनि अहिलेको पुस्ताले २०७२ सालमा त्यस्तै प्रकारको अनुभव भने बेहोरेको छ । त्यति मात्रै होइन, केही दिन अघि तिब्बतमा केन्द्रविन्दु भएको भूकम्पले काठमाडौँलगायतका क्षेत्रको जमिन हल्लाउँदा त्यसले नौ वर्षअघिको भूकम्पको सम्झना दिलाएको थियो।

विसं १९९० माघ २ गतेका दिउँसो २ः२४ बजेको भूकम्पको स्मृतिमा २०५५ सालदेखि हरेक वर्ष सोही दिनलाई भूकम्प सुरक्षा दिवसका रुपमा मनाइँदै आइएको छ। भूकम्प सुरक्षा दिवसलाई देशव्यापी रुपमा एकरुपता कायम हुने गरी व्यवस्थित, प्रभावकारी तुल्याउन भूकम्प सुरक्षा दिवस मार्गदर्शन २०७१ तर्जुमा समेत गरिएको छ।

भूकम्पले सिकाएको पाठ, बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ भन्ने मूल नाराका साथ देशव्यापी रुपमा विविध कार्यकमहरु सञ्चालन गरी २७औँ भूकम्प सुरक्षा दिवस देशैभर मनाउने कार्यक्रम रहेको सहरी विकास तथा भवन निर्माण विभागले जानकारी दिएको छ।

विभागका महानिर्देशक मचाकाजी महर्जनले भूकम्पबाट सुरक्षित रहन सुदृढ पूर्वतयारी गर्नुपर्ने र हाम्रा घर संरचनाहरु पनि बलियो बनाउनुपर्ने भूकम्पको मुख्य पाठ रहेको बताए । 'विगतका भूकम्पबाट सिकेको पाठ भूकम्पीय जोखिम न्यूनीकरण गर्नुपर्छ भन्ने हो', उनले भने, 'यसका लागि हामीले बनाउने संरचनाहरु भूकम्प प्रतिरोधि हुनैपर्छ। यस दिवस भूकम्पको सम्भावित जोखिमबाट कसरी बच्न सकिन्छ भन्ने विषयमा व्यापक जनचेतना अभिबृद्धि गराउने, विगतमा भएका प्रयासका मूल्याङ्कन गर्दै, हाम्रा कमीकमजोरीलाई पनि सुधार गर्ने लक्ष्यका साथ आइरहेका छौ।'

भूकम्पको जोखिम न्यूनीकरणका लागि व्यापक प्रचारप्रसार गरी जनचेतना अभिवृद्धि गर्न सबै सरोकार निकायदेखि सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण रहेको भन्दै यससम्बन्धी प्रचारप्रसार आवश्यक भएकोमा उनको जोड छ।

'भूकम्पीय जोखिम न्यूनीकरण गर्न सुरक्षित भवन निर्माण गर्नुपर्ने र यसका लागि नेपाल सरकारले जारी गरेको राष्ट्रिय भवन संहिता पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्छ', उनले भने, 'भूकम्प पश्चात्को सम्भाव्य अवस्थालाई पूर्वआकलन गरी प्रभावकारी र दूत खोज तथा उद्धार, सीपयुक्त र तालिम प्राप्त उद्धारक एवम् तत्काल राहतको आवश्यकतालाई समेत तयारी अवस्थामा राख्नु पनि उत्तिकै जरुरी छ।'

भवन संहिता कार्यान्वयनका लागि नीतिगत व्यवस्था, नीतिगत जनचेतना तथा अभिमुखीकरण, क्षमता अभिवृद्धि, प्राविधिक कार्य, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन, समन्वय तथा सहकार्य जस्ता क्षेत्रहरुमा आवश्यक कार्यहरु निरन्तर रुपमा भइरहेको महर्जनले बताए । विगतका भूकम्पबाट पाठ सिकेर भवनको नक्शा डिजाइन गर्न आवश्यक पर्ने भार र डिजाइन गर्ने विधिसहितको भवन निर्माण संहिता अद्यावधिक गरी लागू गरिएको उनको भनाइ छ।

खानी तथा भू–गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् डा लोकविजय अधिकारीले भूकम्प गएमा के गर्ने ? के नगर्ने विपद्मा कसरी संयमता अपनाउने ? सुरक्षित हुने तरिकाहरु के हुन्ने ? लगायत विषयमा सचेतना बढाउन सकेमा आगामी दिनमा भूकम्पीय क्षति कम गर्न सकिने बताउँछन्। सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी र पूर्वसूचना प्रणालीको विकासलाई प्राथमिकता दिनुपर्ने उनको जोड छ।

**पूर्वतयारीको अभाव**

पूर्वतयारीको अभावमा जाजरकोट भूकम्पपीडितले अझै पनि पूर्णरुपमा राहत नपाएको अवस्था छ । पूर्वतयारी नहुँदा भूकम्पपछि सर्वसाधरणले दुःख पाउने गरेको विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीको भनाइ छ । 'अहिलेसम्म कतिपय भूकम्पपीडितले राहत पाउन नसक्दा उनीहरु अस्थायी आवासमै कष्टपूर्ण रुपमा बस्नु परेको छ', उनले भने।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए) जाजरकोटको भूकम्पबाट प्रभावित भइ पुनःनिर्माण गर्नुपर्ने निजी आवासको सङ्ख्या ९५ हजार सातसय ८७ छ। भूकम्प, बाढीपहिरो जस्ता प्राकृतिक विपद्बाट क्षति पुगेका विभिन्न संरचनाहरुको पुनःनिर्माण तथा पुनःस्थापना योजनाको योजना कार्यान्वयनका लागि एक खर्ब एक अर्ब १२ करोड रुपैयाँ लागत लाग्ने अनुमान गरिएको छ।

**भूकम्प प्रतिरोधी संरचनामा जोड**

भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका निमित्त कार्यकारी निर्देशक डा रमेश गुरागाईले नयाँ बन्ने संरचनाहरु भूकम्प प्रतिरोधि बनाउन आवश्यक रहेकोमा जोड दिन्छन्।

'हामीले भूकम्प प्रतिरोधी संरचना बनाउन सकिरहेका छैनौ, सबै स्थानीय तहमध्ये भवन निर्माण संहिता ५० वटा स्थानीय तहमा मात्रै कार्यान्वयन भएको छ,' उनले भने, 'भूकम्प कहिले र कहाँ जान्छ भनेर भविष्यवाणी नै गर्न त सकिदैन। तर भूकम्पबाट बच्ने मुख्य उपाय स्वरुप पूर्वतयारी गर्न सकिन्छ । यो भनेको भूकम्प प्रतिरोधी संरचना बनाउने, बनिसकेका संरचनाहरुलाई सुधार गर्ने र अन्य पूर्वतयारीका गतिविधि नै हो।'

भूकम्पबाट हुने क्षति न्यूनीकरणका लागि राष्ट्रिय सङ्कल्प आवश्यक भएको उनको भनाइ छ । 'राज्य तथा अन्य सरोकारवाला निकायबाट व्यापक जनचेता अभिबृद्धिका साथै विपद्पछिको प्रतिकार्यसम्बन्धि योजना र कार्यान्वयनका लागि तयार हुनुपर्छ', उनले भने, 'यसका साथै व्यक्ति आफैले पनि भूकम्पबाट सुरक्षित हुन आफ्नो तर्फबाट तयारी हुनुपर्छ । कसरी संयमता अपनाउने, आफ्नो घर भूकम्प प्रतिरोधि छ कि छैन ? लगायतका विषयमा सचेत हुनुपर्छ।'

इञ्जिनियर अमितप्रसाद तिमल्सेनाले भूकम्पमैत्री संरचना निर्माणका लागि भवन निर्माण संहिताको कडाइका साथ कार्यान्वयन गराउनुपर्ने आवश्यकता औँल्याए । 'अधिकांश घर र संरचना निर्माणमा मापदण्ड पालना भएको छैन, भवन निर्माण संहिता कार्यान्वयन भए नभएको विषयमा राज्यले अनुगमनलाई कडाइका साथ अगाडि बढाउनुपर्छ', उनले भने। रासस

# पूर्वतयारीका कामलाई प्रभावकारी बनाइने छः प्रधानमन्त्री



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले भूकम्पजस्ता प्राकृतिक विपद्बाट जोगिन सबै क्षेत्रबाट प्रभावकारी पूर्वतयारी गरिनुपर्नेमा जोड दिएका छन् ।

सत्ताईसौँ राष्ट्रिय भूकम्प सुरक्षा दिवस, २०८१ का सन्दर्भमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा बुधबार कीर्तिपुरमा आयोजित मूल समारोहको कार्यक्रममा प्रधानमन्त्री ओलीले २०७२ सालको भूकम्पपछि पुनर्निर्माण भएका एकीकृत बस्तीहरूमा तुलनात्मक रूपमा सुरक्षाको स्थिति रहेको बताए ।

उनले एकीकृत बस्तीमा रोजगारी र आय आर्जनको वातवरण भने कम हुने स्थिति नहुने गरी आगामी दिनमा पुनर्विचार गर्नुपर्नेमा जोड दिए ।

प्रधानमन्त्री ओलीले भूकम्प प्राकृतिक कारणले आउने हुँदा यसलाई टार्न नसकिने भएकाले भूकम्पप्रतिरोधी घर र संरचना बनाउन सकिए क्षति कम हुने उल्लेख गर्दै माघ महिनालाई भूकम्पीय सुरक्षाको स्मरणका साथै नेपालको लोकतन्त्र प्राप्तिको आन्दोलनको सङ्घर्षमा होमिएका शहीदहरूको स्मरणको महिनाका रूपमा पनि लिइएको बताए ।
रासस

# मानवीय क्षति कम गर्न भवन निर्माण ऐन कार्यान्वयनमा जोड

**मोरङ ।**
कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले भूकम्पबाट हुने मानवीय क्षति न्यूनीकरण गर्न भवन निर्माण ऐनलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् ।

प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा बुधबार विराटनगरमा २७ औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले प्रदेश



सरकारले भवन निर्माण ऐन ल्याउने तयारी गरिरहेको बताएका छन् । ऐनमा मन्त्रालयका प्राविधिकद्वारा अनुगमन गरी नक्सापासको स्वीकृति दिने प्रावधान रहेको मन्त्री भण्डारीले जानकारी दिए ।

उनले सरकारले सुरक्षा निकायलाई साधन सम्पन्न बनाएर विपद्को जोखिममा क्षति न्यूनीकरणका लागि कार्य गरिरहेको बताए ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अशोक साह, इञ्जिनीयर अरविन्द बस्नेत र कानुन मन्त्रालयका सहसचिव कमल थापाले भवन निर्माण गर्दा अपनाउनु पर्ने कार्यविधि, भूकम्प आउँदा कसरी सुरक्षित हुनेलगायत विषयमा जानकारी प्रस्तुत गरेका थिए ।

विपद् जोखिम समन्वय विज्ञ रामकुमार दाहालले भूकम्प प्रतिरोधी बलियो संरचना निर्माण, सुदृढ पूर्वतयारी र सचेतना यसअघि आएका भूकम्पले सिकाएको पाठ भएको बताए । भूकम्पबाट हुनसक्ने क्षति न्यूनीकरण गर्न भूकम्प प्रतिरोधी भवन निर्माण गर्नुपर्नेमा उनले जोड दिए ।रासस

# तत्काल संसद् अधिवेशन आह्वानको माग



**काठमाडौँ ।**
प्रतिपक्षी राजनीतिक दलका नेताले तत्काल संसद् अधिवेशन आह्वान गर्न माग गरेका छन् । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलको कार्यालयमा बुधबार भएको विपक्षी दलहरुको बैठकले जनसरोकारका विषय र कानूनका निर्माणबारे छलफल गर्न तत्काल संसद् अधिवेशन आह्वानको माग गरेको हो ।

‘जनप्रतिनिधिको संस्थालाई छलेर सरकारले यसरी नै काम अघि बढाइरह्यो भने संसद्को विशेष अधिवेशनसमेत बोलाउन प्रयास हाम्रो समझदारी बनेको छ,’माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले बैठकपछि भने ।

संविधानअनुसार संसद् अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभाको सम्पूर्ण सङ्ख्याको एकचौथाइ सदस्यले लिखित अनुरोध गरेमा राष्ट्रपतिले बैठक आह्वान गर्न सक्ने व्यवस्था छ । विशेष अधिवेशन आह्वानको प्रस्ताव राष्टपतिसमक्ष प्रस्तुत गर्न कम्तीमा ६९ सदस्यको हस्ताक्षर आवश्यक हुन्छ ।

बैठकमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधव नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यवाहक अध्यक्ष डिपी अर्याल, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल आम आदमी पार्टीलगायत पार्टीका नेताहरु सहभागी थिए ।रासस

# ‘आत्तिनुभन्दा सुरक्षात्मक उपाय अपनाउनुपनुपर्ने’



**बागमती ।**
बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले भूकम्पको सम्भावित क्षतिबारे आत्तिनुभन्दा सुरक्षात्मक उपाय अपनाउनुपर्ने बताएका छन् । सत्ताइसौँ राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०८१ का अवसरमा जारी शुभकामना सन्देशमा उनले भूकम्पीय सचेतना र सुरक्षाको महत्वलाई आम समुदायसमक्ष पु¥याउन आवश्यक रहेको बताए । विसं १९९० माघ २ गतेको विनाशकारी भूकम्पको सम्झनामा मनाइने यो दिवसले नागरिकमा सचेतना अभिवृद्धि गर्न सहयोग पुर्याउने विश्वासका साथ प्रदेश प्रमुख देवकोटाले शुभकामना व्यक्त गरेका हुन् । यस वर्षको दिवस ‘भूकम्पले सिकाएको पाठः बलिया संरचना र सुदृढ पूर्वतयारीका साथ’ भन्ने नारासहित मनाइँएको छ ।

सन्देशमा भूकम्प प्राकृतिक प्रकोप भएकाले यसलाई रोक्न नसकिने तर सुरक्षित संरचना, सावधानी र पूर्वतयारीका उपाय अपनाएर यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिने उल्लेख छ ।‘हामीले बलिया र सुरक्षित संरचना निर्माणमा ध्यान दिनुका साथै सम्भावित क्षतिलाई न्यून गर्न पूर्वसावधानी र प्रतिकार्यका उपाय अपनाउनुपर्छ’, सन्देशमा उल्लेख छ ।
रासस

# चन्द्रागिरि नगरपालिकाद्वारा ‘बहुप्राविधिक शिक्षालय’ सञ्चालन

**काठमाडौँ ।**
चन्द्रागिरि नगरपालिकाले सामुदायिक विद्यालयमा ‘बहुप्राविधिक शिक्षालय’ सञ्चालन गर्न सुरुआत गरेको छ ।

‘पढ्दै कमाउँदै’ अवधारणा एवं विद्यार्थीलाई माध्यामिक शिक्षा (दशजोड दुई) पश्चात् स्वारोजगार बनाउने ध्येयले नगरपालिकाले पहिलोपटक चन्द्रागिरि–१२ स्थित बलम्बु माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्राविधिक शिक्षालयमार्फत सीप सिकाउन थालेको हो ।

यसका लागि नगरपालिकाले दक्षिण कोरियाको ड्रिम सेयरिङ फाउन्डेसनसँगको सहकार्यमा सो विद्यालय परिसरमा शिक्षालय भवनसहित अत्याधुनिक चारवटा प्रयोगशाला निर्माण गरेको छ । दुईतले भवन एवं प्रयोगशालका लागि दुई करोड ५० लाख खर्च भएको जनाइएको छ ।

शिक्षालयमा अब प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद् (सिटिइभिटी) अन्तर्गतको पाठ्यक्रममा आधारित ब्यूटिसियन, इलेक्ट्रिसियन,मोटरसाइकल तथा मोबाइल मर्मत विधामा सीप विद्यार्थीलाई अतिरिक्त समयमा सिकाइने छ ।

माध्यामिक शिक्षा परीक्षामा (एसइई)मा शतप्रतिशत विद्यार्थीलाई उत्तीर्ण गराउँदै आएको अब्बल सो सामुदायिक विद्यालयमा साधारणतर्फ कक्षा ९ देखि १२ अध्ययन गरिराखेका विद्यार्थीले आफू रुचिको ती विधामध्ये एक विधामा सीप सिक्नेछन् । अतिरिक्त समयमा उनीहरूले सिक्ने सो सीप स्नातक तह बराबरको हुनेछ ।

कक्षा १२ उत्तीर्ण हुँदा विद्यार्थीले आफूले रोजेका विधामा प्राविधिक सीपको प्रमाणपत्र पनि लिएर निस्कने छन् । यसबाट विद्यालयमै विद्यार्थीलाई आत्मनिर्भर तथा रोजगार बनाउन सहयोग पुग्ने अपेक्षा नगरपालिकाले लिएको छ । उपराष्ट्रपति रामसहायप्रसाद यादवले मङ्गलबार ‘बहुप्राविधिक शिक्षालय’को शुभारम्भ गर्दै सामुदायिक विद्यालयमा बहुप्राविधिक शिक्षालय सञ्चालन गर्ने नगरपालिकाको नीतिको प्रशंसा गर्दै यो नीति सङ्घीय सरकारका लागि पनि सिकाइ हुनसक्ने बताए ।

नगरप्रमुख घनश्याम गिरीले भने,‘विद्यालयमै विद्यार्थीलाई आत्मनिर्भर तथा स्वरोजगार बनाउने नीति नगरपालिकाको हो, यसका लागि नै नगरपालिकाले सामुदायिक विद्यालयमा ‘बहुप्राविधिक शिक्षालय’ सञ्चालन गरेको हो । यो पहिलो शिक्षालयको सिकाइका आधारमा अन्य विद्यालयमा यो कार्यक्रम कार्यान्वयनमा ल्याउँछौँ । विद्यालय शिक्षापछि जीविकोपार्जन गर्न विदेश जानु नपरोस् भन्ने नै हाम्रो ध्येय हो ।’

उनका अनुसार नगर क्षेत्रका सामुदायिक विद्यालयमा ९० घण्टा बराबरको प्राविधिक शिक्षा कार्यक्रम कार्यान्वयन भइराखेको, स्मार्ट बोर्डमार्फत पठनपाठन भइराखेको, विद्यालयका लागि बसको व्यवस्था गरिएको छ । नगरप्रमुख गिरीले भन्छन्,‘नगरक्षेत्रका सबै सामुदायिक विद्यालयका भौतिक पूर्वाधारको काम सम्पन्न भएका छन्, अब शैक्षिक गुणस्तरलाई अझ उत्कृष्ट बनाउँदै विद्यार्थी प्राविधिक सीप पनि सिकाउने काममा लागेका छौँ ।’

प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्यालले भने,‘जीवनोपयोगी शिक्षा, गुणस्तरीय पठनपाठन र प्राविधिक सीपमार्फत स्वदेशमै युवालाई स्वरोजगार बनाउने प्रयासमा लागेका छौँ । अर्धदक्ष सीप बेच्न विदेश जानुपर्ने अवस्थालाई घटाउन लागेका छौँ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई अझ माथि उठाउन नगरपालिकाले आवश्यक पक्षमा ध्यान दिएको छ । यसमा नै हाम्रा शैक्षिक नीतिनियम केन्द्रित छन् ।’

शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख सुजनराज खनालले विद्यार्थीलाई विद्यालय शिक्षासँगै प्राविधिक शिक्षाको सैद्धान्तिक र प्रयोगात्मक ज्ञान हुँदा स्वरोजगार बन्न सहयोग पुग्ने विश्वास व्यक्त गर्छन् । बलम्बु माविका प्रधानाध्यापक सुमन रावतले भने, ‘कक्षा ९ देखि प्राविधिक शिक्षा पढ्न थालेका विद्यार्थीले कक्षा १२ कक्षा पास गर्दा एक हातमा शैक्षिक प्रमाणपत्र अर्को हातमा प्राविधिक शिक्षाको, रोजगार बनाउने हाम्रो उद्देश्य हो ।’

ड्रिम सेयरिङ फाउन्डेसन कोरियाका अध्यक्ष सी विनले अगामी दिनमा नेपालको सामुदायिक विद्यालयमा नै प्राविधिक शिक्षाको आवश्यकता रहेको हुँदा यस क्षेत्रमा फाउन्डेसनको सहयोग जारी राख्ने जानकारी दिए ।
रासस

# कोइराला र अनमिनका तत्कालीन प्रमुखबीच भेटवार्ता



**काठमाडौँ ।**
कांग्रेस नेता डा.शेखर कोइराला र तत्कालीन नेपालको शान्ति प्रक्रियामा महत्वपूर्ण भूमिका खेलेका अनमिनका नेपाल प्रमुख इयान मार्टिनबीच भेटवार्ता भएको छ ।

बेलायतको भ्रमणमा रहेका डा.कोइराला र मार्टिनबीच नेपालको शान्ति प्रक्रियाका विविध विषयमा छलफल भएको थियो । भेटमा मार्टिनले अहिलेसम्म पनि नेपालको शान्ति प्रक्रिया नटुङ्गिएकाले यसलाई चाँडोभन्दा चाँडो टङ्गोमा पु¥याउन सुझाव दिएका थिए ।

नेता कोइरालाको निजी सचिवालयका अनुसार उनले शान्ति प्रक्रियाका कुरालाई लामो समयसम्म राख्न नहुने बताएका थिए । तत्कालीन समयमा विद्रोहमा रहेको दल समेत निर्वाचन प्रक्रियामा प्रवेश गरिसकेको र अहिले नेपालमा कुनै पनि हिंसा नरहेकाले सङ्क्रमणकालीन न्यायलाई चाँडो टुङ्ग्याउन मार्टिनले डा कोइरालालाई आग्रह गरेका थिए ।रासस

# ‘आदिवासीको पहिचान जोगाउन मातृभाषा संरक्षण गर्नुपर्छ’




**काठमाडौँ ।**
नेपाल आदिवासी जनजाति महासङ्घका अध्यक्ष गेल्जे लामा शेर्पाले आदिवासी जनजातिले आफ्नो पहिचान जोगाउन मातृभाषा संरक्षणमा जोड दिनुपर्ने बताएका छन् ।

नेपाल मगर सङ्घले मगर समुदायको प्रमुख सांस्कृतिक पर्व माघे सकरातीको अवसरमा आयोजित समारोहमा अध्यक्ष शेर्पाले जातीय पहिचान, कला, संस्कृति, रहनसहन जोगाउन मातृभाषा पहिलो प्राथमिकतामा पर्ने धारणा राखे ।

पछिल्लो समय आदिवासी जनजातिको मातृभाषा लोप हुँदै गएकोप्रति चिन्ता व्यक्त गर्दै उनले शेर्पाले भने, ‘हाम्रो प्रमुख विशेषता मातृभाषा हो । मातृभाषा रहेमा हामी रहन्छौँ । आज यहाँ कार्यक्रम सञ्चालकले मातृभाषाको प्रयोग गरेको भए उत्प्रेरणा मिल्थ्यो । हामीले भाषाको संरक्षणमा विशेष जोड दिन आवश्यक छ ।’ संस्कार, संस्कृति, वेशभूषासँगै मातृभाषाको संरक्षणमा सबै एकजुट हुनुपर्नेमा उनले जोड दिए ।

नेपालका हरेक परिवर्तनमा आदिवासी जनजातिको योगदान महत्त्वपूर्ण भएको उल्लेख गर्दै अध्यक्ष शेर्पाले अवसर भने अन्य समुदायको तुलनामा कम पाएकाले आगामी दिनमा उल्लेख्य सहभागिता जनाउनुपर्ने बताए ।

‘हाम्रो समुदायले प्रत्यक्ष रूपमा प्रकृतिसँग सरोकार राख्दछ । प्राकृतिक स्रोतसाधन बिना आदिवासी जनजातिको जीविकोपार्जन हुँदैन’,उनले भने, ‘हाम्रा हकअधिकार सुनिश्चित गराउन हामी सचेत हुन आवश्यक छ ।’रासस

# बाढी, अग्नि पीडितको सहयोगार्थ एक करोड ४१ लाख सहयोग

**काठमाडौं ।**
संघीय गणतन्त्र जर्मनीले सर्लाही, रौतहट र काभ्रेपलाञ्चोकमा केही महिनाअघिको बाढी तथा आगलागीबाट प्रभावित भएकाहरुको सहयोगार्थ एक करोड ४१ लाख प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

यहाँस्थित जर्मनीको राजदूतावासमा बुधबार नेपालका लागि जर्मनीका राजदूत डा. थोमस प्रिन्ज र हार्ट वर्ल्डवाइड नामक स्वास्थ्य सेवा प्रदायक संस्थाका सह प्रमुख सूर्य भट्टले अनुदान सहायता रकम प्रदान गर्नेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरे ।

अनुदान सहायता रकमबाट हार्ट वर्ल्डवाइडले जिल्लाका बाढी तथा अग्नि पीढितका साथै महिला, सुत्केरी तथा गर्भवतीलाइ स्वास्थ्य तथा सरसफाइ सामाग्री, भाँडा वर्तन न्याना सामान प्रदान गर्ने दूतावासले जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ । रासस

# नेप्से परिसूचकमा झिनो अंकको सुधार

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक एक दशमलव ८३ अङ्कले बढेर दुई हजार पाँच सय ९५ दशमलव ९६ को बिन्दुमा कायम भएको हो ।

बुधबार दुई सय ९९ कम्पनीको एक करोड सात लाख ४५ हजार चार सय २७ कित्ता शेयर ६३ हजार तीन सय ७७ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ८२ करोड ४९ लाख चार हजार एक सय ३४ रुपैयाँको कारोबार भएको छ ।

बुधबारको कारोबारमा बैंकिङ समूह शून्य दशमलव ८१, वित्त तीन दशमलव ४८, लगानी शून्य दशमलव शून्य सात, लघुवित्त शून्य दशमलव ५२, म्युचुअल फण्ड शून्य दशमलव १७ र निर्जीवन बिमा शून्य दशमलव ४१ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

विकास बैंक एक दशमलव शून्य आठ, होटल तथा पर्यटन एक दशमलव ६३, जलविद्युत् एक दशमलव ७६, जीवन बिमा शून्य दशमलव शून्य आठ, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४८, व्यापार शून्य दशमलव शून्य एक र अन्य समूह शून्य दशमलव शून्य चार प्रतिशतले बढेको छ ।

डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा विहीबार सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको ३२ करोड ४९ लाख ४४ हजार सात सय १८ कित्ता शेयर किनबेच भएको छ ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको तीन लाख पाँच हजार चार सय २१ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ । रासस

# डिजिटल प्रवर्द्धन गर्न 'क्यान इन्फोटेक'

**बाँके ।**
नेपालगञ्जमा डिजिटल प्रविधि प्रवद्र्धन गर्न कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) महासङ्घ बाँकेले 'क्यान इन्फोटेक' आयोजना गर्ने भएको छ ।

नेपालगञ्ज उद्योग वाणिज्य सङ्घको समन्वय तथा आयोजनामा यही माघ १० देखि २२ गतेसम्म नेपालगञ्जमा प्रादेशिक महोत्सवमा 'क्यान इन्फोटेक' आयोजना गरिने जिल्लास्थित क्यान महासङ्घका अध्यक्ष यज्ञराज जोशीले जानकारी दिए ।

प्रादेशिक महोत्सव आयोजना गर्न जिल्लास्थित क्यान महासङ्घ र नेपालगञ्ज उद्योग वाणिज्य सङ्घबीच सम्झौता भई इन्फोटेकका लागि आवश्यक तयारी भइरहेको छ ।

नेपालगञ्ज र वरपरको क्षेत्रमा डिजिटल प्रवर्द्धन र प्रविधिको विकास गर्न, विभिन्न कार्यक्रम तथा परियोजना सफलताका लागि सहयोग गर्ने र प्रादेशिक महोत्सवमा समन्वय र सहकार्य गर्नेगरी सम्झौता भएको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष टङ्कबहादुर धामीले जानकारी दिए । 'प्रादेशिक महोत्सवमा सूचना प्रविधिबारे जानकारी र सेवाको सहजता बनाउने उद्देश्य लिएर तयारी गरेका छौँ', उनले भने,'यो इन्फोटेकले प्रादेशमा प्रविधिको क्षेत्रमा सकारात्मक सुधार ल्याउने विश्वास गरेका छौँ ।' क्यान इन्फोटेकमा सूचना प्रविधिसम्बन्धी सबै प्रकारका सेवा र जानकारी सहितका स्टल राखेर नेपालगञ्ज र वरपर डिजिटल प्रवद्र्धन र प्रविधिको विकासमा सहयोग पुर्‍याउने लक्ष्य राखिएको क्यान बाँकेका सचिव रमेश बिसीले बताए । रासस

# सुन चाँदीको मूल्यमा सामान्य वृद्धि

**काठमाडौँ ।**
अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्यमा सामान्य वृद्धि भएसँगै त्यसको प्रभाव स्थानीय बजारमा पनि परेको छ । बुधबार एक औँस सुनको मूल्य दुई हजार छ सय ७५ दशमलव १८ अमेरिकी डलर कायम भएको छ ।

स्थानीय बजारमा प्रतितोला सुनमा चार सय रुपैयाँले वृद्धि भएको छ ।

आइतबार सोही परिमाणको पहेँलो धातु एक लाख ५५ हजारमा खरिदबिक्री भएको थियो ।

बुधबार एक तोला सुनको मूल्य एक लाख ५५ हजार चार सय कायम भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ ।

यसैगरी, चाँदीको मूल्य प्रतितोलामा १० ले बढेको छ । बुधबारका लागि प्रतितोला चाँदीको मूल्य एक हजार आठ सय ३० निर्धारण भएको छ । रासस

# तयार भयो सहिदस्मृति रंगशाला



**हेटौँडा ।**
मकवानपुरको बागमती गाउँपालिकामा सहिदस्मृति रङ्गशाला निर्माण सम्पन्न भएको छ । पालिकाको चार करोड ५० लाख रुपैयाँ र करिब दुई करोड रुपैयाँ बराबरको श्रमदानबाट छ महिनामा रङ्गशाला निर्माण भएको हो ।

गाउँपालिकाका अध्यक्ष सर्केश घलानले रङ्गाशाला निर्माणमा नौ वडाकै स्थानीय, कर्मचारी र समाजसेवीलगायतले छ महिनासम्म प्रत्येक सार्वजनिक बिदामा श्रमदान गरेको बताए । उनले रङ्गशाला निर्माणपछि यहाँको खेलकुद विकासमा सहयोग पुग्ने बताए ।

'जनप्रतिनिधि र स्थानियको इच्छाशक्ति भएमा गर्न विकास निर्माण पनि गर्न सकिन्छ भन्ने उदाहरण यो रङ्गशाला बनेकोछ', उनले भने,'पालिकासँग पर्याप्त बजेट नभएपछि श्रमदानका लागि आह्वान गरेका थियौँ ।' उनले रङ्गशाला निर्माणपछि एउटा खेलकुद एकेडेमी बनाउने पालिकाले निर्णय गरेको जानकारी दिए ।

रङ्गशालाको निर्माण पूरा भएसँगै आगामी फागुन १ गतेदेखि सातौँ संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता आयोजना हुनेभएको छ । उक्त प्रतियोगिताका यसअघिका संस्करण जनता मावि फापरबारीको खेल मैदानमा हुँदै आएको थियो । रासस

# आयल निगमको धनगढी डिपो गोदावरी सारिँदै

**काठमाडौँ ।**
नेपाल आयल निगमले धनगढीस्थित सुदूपश्चिमाञ्चम प्रादेशिक डिपो कैलालीको गोदावरी नगरपालिकामा सार्ने भएको छ । डिपो सार्नका लागि गोदावरीमा २० बिघाह १६ कठ्ठा आठ धुर जग्गा पहिचान गरिएको निगमले जनाएको छ ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा निगमको भण्डारण क्षमता अभिवृद्धि परियोजना संयोजक प्रदीपकुमार यादवले डिपो सार्न जग्गा प्राप्ति प्रक्रिया अघि बढाउन सिफारिस गरिएको जानकारी दिए । उनले हाल धनगढी उपमहानगरपालिकाको
चटकपुरस्थित डिपो घना बस्तीबीचमा रहनुका साथै अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न जग्गा साँघुरो भएकाले सुरक्षित स्थानमा सार्नु परेको बताए ।

'एक बिघाह आठ कठ्ठामा सञ्चालित धनगढी डिपोको क्षेत्रफल अपर्याप्त हुनुका साथै सुरक्षाको मापदण्डभन्दा बाहिर परेको हुनाले डिपो स्थान्तरण अनिवार्य भएको हो', परियोजना प्रमुख यादवले भने । विसं २०३७ मा स्थापना गरिएको उक्त डिपोले हालको पेट्रोलियम पदार्थको माग धान्न नसक्नुका साथै भौतिक पूर्वाधार पनि जीर्ण भएकाले स्थान्तरण गर्नुपरेको उनले उल्लेख गरे ।

आगामी चैतभित्र जग्गा अधिग्रहण सम्पन्न हुने र आगामी वैशाख पहिलो साता डिपो शिलान्यास गरिने निगमको योजना छ । विसं २०८४ वैशाखभित्र नयाँ डिपो सञ्चालनमा ल्याइने छ । जग्गा अधिग्रहण र डिपो निर्माणका लागि तीन अर्ब ५० करोड लागत लाग्ने अनुमान गरिएको छ । काठमाडौँ विश्वविद्यालयले डिपोको विस्तृत परियोजना प्रस्ताव (डिपिआर) निर्माण गर्ने आयल निगमले जनाएको छ ।

यसअघि डिपो सार्न कञ्चनपुरको पुनर्वास नगरपालिका–३ र ६ मा अवस्थित राष्ट्रिय आवास कम्पनीको २२ बिघाह जग्गा लिने तयारी गरेको थियो । पुनर्वास नगरपालिकाले जग्गा प्राप्तिको सिफारिस दिन अस्वीकार गरेपछि अर्को जग्गा खोज्नु परेको हो ।

नयाँ डिपोमा पेट्रोल एक हजार आठ सय किलोलिटर, डिजेल छ हजार छ सय किलोलिटर र मट्टितेल पाँच सय किलोलिटर भण्डारण क्षमता निर्माण गरिनेछ । सो डिपोबाट सुदुरश्चिमाञ्चका नौ जिल्लामा पेट्रोलियम पदार्थ आपूर्ति व्यवस्था मिलाउँदै आएको छ । हालको डिपोमा पेट्रोल र डिजेल सात सय ६०÷सात सय ६० किलोलिटर र मट्टितेल ७० किलोलिटर भण्डारण क्षमता रहेको छ ।

निगमको चालु आवको बजेटमा सबै प्रदेशमा पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाउने नीति अनुरूप कर्णाली र सुदूपश्चिम प्रदेशमा जग्गा प्राप्ति प्रक्रिया अघि अघि बढाउन सिफारिस गरिएको परियोजना संयोजक यादवले जानकारी दिए । रासस

# कुनै हालतमा देश नछोड्ने खानको प्रतिवद्धता

**इस्लामावाद ।**
पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खानको पाकिस्तान तेहरिक–ए –इस्साफ (पिटिआई) ले नेता खानलाई चुप राख्नकै निम्ती उनीविरूद्ध मुद्दा चलाइएको दावी गरेको छ । उनले यसै महिना १४ वर्षको जेल सजाय सुनाइएको थियो र यसमा उनको निर्दोषिताको दावी गर्दै पिटिआईले यो राजनीतिक प्रतिशोधबाट प्रेरित रहेको दावी गरेको छ ।

शक्तिशाली सेनाका लागि लामो समयदेखि निराशाको स्रोत रहेका पूर्वप्रधानमन्त्री सन् २०२३ को अगष्टदेखि हिरासतमा छन् र उनले राजनीतिबाट प्रेरित भएर थुप्रै कानुनी मुद्दाको सामना गरिरहेका छन् ।

उनले आफ्नी पत्नी अल–कादिर ट्रष्टसँग मिलेर स्थापना गरेको वेलफेयर फाउन्डेसनसँग जोडिएको भ्रष्टाचारसम्बन्धी फैसला ती मुद्दामध्ये सबैभन्दा लामो समयसम्म चलेको मुद्दा हो । 'अल–कादिर ट्रस्टको मुद्दा पनि विगतका घटनाजस्तै मलाई दबाब दिनका लागि मात्र चलाइएको हो तर म यसको तत्काल समाधानको माग गर्दछु,' खानले यसै महिना अधिकारीहरूविरुद्ध बारम्बार दिएको बयानमा भने ।



विश्लेषकहरूका अनुसार सैन्य प्रतिष्ठानले खानविरूद्धका अभियोगलाई खानसँग सौदाबाजीको एक हतियारको रूपमा प्रयोग गरिरहेको छ । खानको लोकप्रियताले गत वर्षको चुनावमा उनको पार्टीलाई सत्ताबाट टाढा राख्ने अस्थिर गठबन्धन सरकारलाई कमजोर सावित गरेको छ । लण्डनस्थित लेखिका तथा पाकिस्तानी सेनासम्बन्धी विश्लेषक आयशा सिद्दिकाले भने, 'संस्थापन पक्षको सम्झौता भनेको उहाँ बाहिर निस्केर चुप लागेर बस्नुहुन्छ वा अर्को चुनावसम्म शान्त र सभ्य रहनुहुन्छ भन्ने हो ।'

विश्लेषकहरूका अनुसार सेना पाकिस्तानको राजनीतिमा 'किङमेकर' हो, यद्यपि जनरलहरूले राजनीतिमा प्रत्यक्ष हस्तक्षेप गरेको देखाउन अस्वीकार गर्नेगरेका छन् ।

खानले आफूलाई एक पटक तीन वर्षको विदेश निर्वासनको प्रस्ताव गरिएको र हालै राजधानीको बाहिरी इलाकामा रहेको आफ्नो विशाल घरमा नजरबन्दको सम्भावनाबारे अप्रत्यक्ष रूपमा सम्पर्क गरिएको बताएका छन् ।

खानका कानुनी सल्लाहकार फैजल फरीद चौधरीले एएफपीसँग भने,'हामी ढिलाइबाट अनुमान गर्न सक्छौं कि यो राजनीतिक रूपमा प्रेरित निर्णय हो । यो पूर्वप्रधानमन्त्री खानमाथि 'डेमोकल्सको तरबार' हो ।' चौधरीले भने, 'यो मुद्दाले आफ्नो विश्वसनीयता गुमाइसकेको छ । नेता खान चुप लागेर बस्ने कुनै पनि सम्झौता स्वीकार गर्नुहुन्न ।' खानलाई अन्य मुद्दामा चार पटक दोषी ठहर गर्दै सजाय सुनाइसकिएको छ । सर्वोच्च अदालतले दुई वटा मुद्दा उल्टाएको छ भने अन्य दुई मुद्दाको सजाय न्यायालयबाट निलम्बन भएको छ । रासस

# युनुसद्वारा 'चोरी भएको' अर्बौंको सम्पत्ति फिर्ता गर्न माग

**ढाका ।**
बङ्गलादेशका अन्तरिम नेता मोहम्मद युनुसले गत वर्ष क्रान्तिबाट अपदस्थ शेख हसिनाको अपदस्थ सरकारको पालामा भएको भ्रष्टाचारको परिमाणको निन्दा गर्दै 'चोरी भएको' सम्पत्ति फिर्ता गर्न माग गरेका छन् ।



सन् २०२४ को अगष्टमा भएको क्रान्तिबाट भागेर छिमेकी मुलुक भारत पुगेकी ७७ वर्षीया हसिनाले सामूहिक हत्यालगायतका आरोपको सामना गर्न बङ्गलादेशको सुपुर्दगीका लागि गरिएको अनुरोधलाई अस्वीकार गरेका छन् ।

युनुसले भने, 'अर्बौं डलरको सार्वजनिक कोष चोरीका कारण बङ्गलादेशले ठूलो आर्थिक घाटा बेहोर्नुपरेको छ । चोरी भएको रकम त्यहाँका जनताको हो । न्याय सुनिश्चित गर्न हामी हाम्रा अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य जारी राख्नेछौँ ।'

युनुसले आफूले 'सम्पत्ति फिर्ता हुने' अपेक्षा गरेको बताउँदै चोरी भएको रकमलाई देश र जनताको लुटिएको सम्पत्ति हो भनेका छन् । उनले यो बङ्गलादेशका जनतालाई लुटेको मात्र नभई आर्थिक स्थायित्वतर्फको देशको प्रगतिमा धोखा भएको बताए ।

बङ्गलादेशको भ्रष्टाचारविरोधी आयोग (एसिसी) ले हसिना र उनकी भतिजी, बेलायती सांसद तथा भ्रष्टाचार विरोधी मन्त्री ट्युलिप सिद्दिकसहित उनका परिवारका सदस्यमाथि अनुसन्धान गरिरहेको छ ।

सिद्दिकले मङ्गलबार आफ्नो पदबाट राजीनामा दिए पनि आफूले केही गलत नगरेको भन्दै आफ्नविरूद्धको आरोपको खण्डन गरेका थिए ।

एसीसीले हसिनाको परिवारमाथि गरेको अनुसन्धान रूसको आर्थिक सहयोगमा सञ्चालित आणविक ऊर्जा प्लान्टसँग जोडिएको पाँच अर्ब अमेरिकी डलरको अनियमितता र राजधानी ढाकाको एक उपनगरमा आकर्षक प्लटको कथित जग्गा हडप्नेसँग योजनासँग जोडिएको छ ।

ब्रिटिस सन्डे टाइम्सको अनुसन्धानले सिद्दिकले दुई बङ्गलादेशी व्यवसायीसँग जोडिएको अफशोर कम्पनीले किनेको लण्डनको फ्ल्याटमा वर्षौं बिताएको दाबीबारे विस्तृत विवरण सार्वजनिक गरेको थियो ।

उक्त फ्ल्याट हसिना, उनको परिवार र उनको अपदस्थ सरकारसँग सम्बन्ध भएका एक बङ्गलादेशी वकिललाई उपहारस्वरुप हस्तान्तरण गरिएको थियो ।

सिद्दीक र उनको परिवारलाई हसिनाको अवामी लिग पार्टीका सदस्य वा सहयोगीहरूले किनेको लण्डनका अन्य थुप्रै सम्पत्तिहरू दिइएको वा प्रयोग गरिएको पनि बताइएको छ ।' ट्युलिप सिद्दिकले लण्डनमा कमाएको पैसा र सम्पत्तिको स्रोत राम्ररी नखुलेको हुन सक्छ', युनुसले भने, 'तर, अब उनलाई थाहा छ, उहाँले बङ्गलादेशका जनतासँग माफी माग्नुपर्छ ।' रासस

# साइकल चालक एसएसपी

*नेपाल प्रहरीमा साइकल चालकका रुपमा पहिचान बनाउन सफल एसएसपी शर्मालाई पछ्याउँदै अहिले १२ प्रहरीले साइकल चलाउन शुरु गरेका छन् । साइकल चालकका रुपमा नेपाल प्रहरीका अन्य कर्मचारीहरुले पनि आफ्नो पहिचान बनाउन लागेको कुराले निकै नै खुसी लागेको उनको भनाइ छ ।*



**बाँके।**
नेपाल प्रहरीको प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सञ्जीव शर्मालाई गाडी चढ्नभन्दा धेरै साइकल चलाउन मन पर्छ । छ वर्षदेखि उनी प्रायः साइकलमा नै आफ्ना दैनिकीलाई चलाउँदै आएका छन् । आफू कार्यरत जिल्लाहरुमा लामो दूरीको यात्राबाहेक उनी साइकलमा नै आवतजावत गर्ने गर्छन । सरकारले सेवा सुविधा र सुरक्षाको विषयलाई मध्यनजर गर्दै उपलब्ध गराएको गाडीलाई उनले छोटो दूरीमा प्रयोग नगरेको छ वर्ष भएको छ । ‘मैले साइकल चलाउन शुरु गरेदेखि नै मैले गाडी खासै प्रयोग गर्दिन’, उनले भने, ‘इन्धन प्रयोग गरिएका सवारी साधनभन्दा हिजोआज मलाई प्रदूषणरहित साइकल नै मन पर्छ।’ उनी घरदेखि बजारसम्मको काममा प्रायः साइकलमै जाने गर्छन् । उनलाई हिजोआज साइकलजस्तो सजिलो सवारीसाधन अरु केही लाग्दैन।
विसं २०७४ देखि साइकल चलाउन शुरु गरेका शर्माले विभिन्न जिल्लामा आयोजित साइकल दौड प्रतियोगितामा भाग लिँदै आएका छन् । प्रहरी विभागमा नै साइकल चलाउने प्रहरीको रुपमा चिनिन्छन् उनी । २०५३ सालमा प्रहरी निरीक्षक पदबाट जागिरे जीवनको सुरुआत गरेका शर्माले प्रहरी उपरीक्षक (एसपी) भएलगत्तै साइकल चलाउन शुरु गरे। उनका अनुसार साइकल चलाउन थालेदेखि नै नशासम्बन्धी समस्याहरु पनि समाधान भएको छ । साइकल ‘राइडर’ भएदेखि नै आफू शाकाहारी भएको पनि उनले बताए।
हाल नेपाली राजदूतावास नयाँदिल्लीमा कार्यालय प्रमुखको रुपमा कार्यरत ५२ वर्षीय प्रहरी वरिष्ठ उपरीक्षक शर्मा साइकल राइडर बन्नका लागि आफू विश्व साइकल यात्री पुस्कर शाहीबाट प्रेरित भएको बताउँछन्। २०७७ सालमा शाहीसँग उनीले १७ हजार किलोमिटरको मेची–महाकाली साइकल यात्रासँगै गरेका थिए । शर्माका अनुसार साइकल चलाउने क्रमलाई उनले निरन्तरता दिँदै गए । २०७८ सालमा पाँच सय किलोमिटरको काठमाडाँ–विराटनगर, टुँडिखेल–धुलिखेल, काठमाडाँ–कोरा, तरहरा–कोरासँगै धरान–विराटनगर हुँदै ‘टुर दि ठाकुरद्वार’लगायत २० भन्दा बढी साइकल यात्रा पूरा गरी सकेका छन्।
आफूले साइकल चलाउन शुरु गरेपछि पारिवारिक वातावरण नै साइकलमय भएको एसएसपी शर्माको भनाइ छ। ‘मैले साइकल चलाउन शुरु गरेको केही समयपछि घरमा अहिले प्रायः सबैले साइकल नै चलाउँछन्’, उनले भने, ‘साइकलले स्वस्थ्य र वातावरण दुवैलाई फाइदा पुग्ने हुनाले अहिले परिवारमा सबैको आ–आफ्नो साइकल छ। टाढाको दूरीबाहेक हामीले साइकलमा नै आफ्ना दैनिकी चलाएका छौँ ।’ शर्माले पाँच लाख मूल्य बराबरको साइकल चलाउँदै आएका छन्।
नेपाल प्रहरीमा साइकल चालकका रुपमा पहिचान बनाउन सफल एसएसपी शर्मालाई पछ्याउँदै अहिले १२ प्रहरीले साइकल चलाउन शुरु गरेका छन्। साइकल चालकका रुपमा नेपाल प्रहरीका अन्य कर्मचारीहरुले पनि आफ्नो पहिचान बनाउन लागेको कुराले निकै नै खुसी लागेको उनको भनाइ छ।
एसएसपी शर्माजस्तै साइकल ‘राइडर’ बनेर प्रहरी सङ्गठमा एउटा बेग्लै पहिचान बनाउन सफल भएका छन् प्रहरी निरीक्षक (प्रनि) रवीन्द्र चन्द पनि । सु ुदूरपश्चिम प्रदेश बैतडी सुर्नया गाउँपालिका–२ का चन्दले तीन वर्षअघि साइकल चलाउन शुरु गरेका हुन् । साइकल चलाउँदा शारीरिक र मानसिक अवस्था स्वस्थ हुनुका साथै पर्यावरण र पर्यटन प्रवद्र्धनमा पनि सहयोग पुग्ने चन्दको भनाइ छ। ‘साइकल चलाउँदा हाम्रो शारीरिक रुपमा हामी स्वस्थ हुनुका साथै हामीले शान्त वातावरणमा लामो दूरीको यात्रा तय गर्ने भएको हुनाले ती सबै प्राकृतिक वातावरणलाई पनि क्यामेरामा कैद गर्न सक्छौं’, उनले भने, ‘राइड गर्दा क्यामेरामा कैद गरिएका तस्बिरहरुलाई सामाजिक सञ्जालमा पोष्ट गर्दैगर्दा त्यसले पर्यावरण र पर्यटन प्रवद्र्धनमा पनि प्रचारप्रसारमा सहयोग पुग्ने गर्छ।’
बाँके बसाईपछि हाल इलाका प्रहरी कार्यालय ठाडा अर्घाखाँचीमा कार्यरत प्रनि चन्दले समय मिलेसम्म अर्घाखाँचीको पहाडी बाटाहरुमा साँझ–बिहान गरी दिनको कम्तिमा पाँच÷छ घण्टा साइकल चलाउने गर्छन् । उनले भारतमा आइपिएसको तालिमका क्रममा साइकल चालक बन्ने अठोट गरेको बताए। ‘मेरो साइकलप्रति रुचि आइपिएस तालिममा सहभागी भएपछि नै बढेको हो’ उनले भने, ‘डिजिटल मिडियाहरुमा साइकलसम्बन्धी धेरै फोटो र भिडियो हेरे पनि आइपिएस तालिमबाट मलाई साइकल ‘राइडर’ बन्ने चाहना जागेको हो ।’
प्रहरी सङ्गठनमा एसएसपी शर्मा र प्रनि चन्दजस्तै साइकल चालककै रुपमा दुई वर्षदेखि बाँकेमा चिनिँदै आएका छन् प्रहरी नायब निरीक्षक रविन्द्रबम ठकुरी पनि । रविन्द्रले हालसम्म १० हजार किलोमिटरको साइकल ‘राइड’ गरी सकेका छन्। साइकल चलाउन शुरु गरेदेखि उनले सयदेखि एक सय १५ किलोमिटरसम्मको दूरीमा पनि साइकल चलाएका छन् । ‘कोरा इभेन्ट च्यालेन्ज २०२४’ मा उनले सय किलोमिटर र गतवर्ष बर्दियाको ठाकुरद्वारामा सम्पन्न ‘टुर दी ठाकुरद्वार’ साइकल इभेन्टमा उनले एक सय १५ किलोमिटरको साइकल ‘राइड’ गरेका थिए।
नेपाल प्रहरीमा जागिर खानुभन्दा पहिले नै उनी खेलप्रेमी भएको हुनाले उनलाई स्वस्थ जीवन कसरी जीउन सकिन्छ भन्ने कुराको राम्रो ज्ञान छ । कराँतेमा ‘ब्ल्याकबेल्ट’ पाइसकेको हुनाले प्रनानि बमलाई शारीरिक र मानसिक रुपमा तन्दुरुस्त रहनुपर्छ भन्ने थाहा छ। साइकलले स्वस्थ रहन मद्दत गर्छ भन्ने कुरा बुझेको हुनाले बमको दैनिकी साइकल चलाएरै बित्ने गर्दछ । घरदेखि कार्यालयमा जाँदा र बजारमा जानुपर्दा उनी प्रायः साइकलमा नै जाने र आउने गर्छन् । विशेषगरी साइकल तराईका क्षेत्रहरुमा धेरै चलाएको पाइन्छ । सामान्यतः किसान र खुद्रे व्यापारीहरुले सामान्य साइकल चलाउनुलाई तराईमा सामान्य नै मानिन्छ । पछिल्लो समय शहरी क्षेत्रमा पनि साइकलप्रति मानिसको मोह बढ्दै गइरहेको छ । सरकारी वा गैरसरकारी कार्यालायहरुमा काम गर्नेहरुले साइकललाई नै प्राथमिकता दिन थालेका छन्।

## साइकल चलाउँदा भइन्छ निरोगी

साइकल नचलाउनेको व्यक्तिको तुलानामा साइकल चलाउने व्यक्तिको स्वास्थ्यमा धेरै नै अन्तर हुने गरेको चिकित्सकहरुको भनाइ छ । दैनिक २० मिनेट साइकल चलाउने व्यक्ति स्वस्थ हुने बताइन्छ । साइकल जुनसुकै उमेरको व्यक्तिले पनि चलाउन सक्छन्। यो चलाउनका लागि कुनै उमेर समूह तोकिएको छैन । विज्ञहरुले ‘साइक्लिङ’लाई व्यायामको संज्ञा दिने गरेका छन्।
ब्रिटिस जनरलमा प्रकाशित एक प्रतिवेदनअनुसार नियमित रुपमा साइकल चलाउनाले मुटुका रोगीको ज्यान जानबाट पनि बचाउन सकिन्छ । सो प्रतिवेदन अनुसार साइकलको नियमित प्रयोगले क्यान्सर २५ प्रतिशत र मुटुको समस्या भएकाहरुका लागि ४६ प्रतिशत कम हुन्छ । त्यही पैदल हिड्दा मुटुका बिरामीहरुलाई २७ प्रतिशतसम्म रोग निको हुन्छ । नियमित साइकल चलाउनाले शारीरिकको तौल पनि कम गर्न हुन्छ। यसले शरीरमा रहेको बोसोलाई घटाउने मद्दत गर्छ । दैनिकजसो साइकलको प्रयोगले शरीरलाई रोग प्रतिरोधात्मक क्षमता बृद्धि गर्न मद्दत पुग्दछ। नियमित रुपमा साइकल चलाउने व्यक्तिहरुमा डिप्रेशनको समस्या पनि कम हुने बरिष्ठ फिजिसियन डा राजन पाण्डेको भनाइ छ । दैनिक साइकल चलाउँदा शरीरमा रक्तसञ्चार राम्रो हुन्छ। यसले गर्दा रगतमा अक्सिजनको मात्रा आपूर्ति गर्छ र रक्तसञ्चारमा सुधार आउँछ। यसले गर्दा रक्तचापलाई नियन्त्रणमा राख्न मद्दत गर्छ । नियमित साइक्लिङ गर्दा मांसपेशीहरु बलिया हुने गर्दछन्। यति मात्र नभएर साइकल चलाउँदा पछाडिपट्टीका हड्डी हुने भएकाले ढाड र गर्धनको दुखाईबाट समेत राहत मिल्ने गर्छ। साथै, यी बिरामीहरुको ज्यान जाने खतरा ३६ प्रतिशतले घट्छ । पैदल हिडेर मात्र क्यान्सरको उपचार हुन्छ वा हिड्दा क्यान्सर हुदैन भन्ने भने होइन । अनुसन्धानले दुई लाख ६४ हजार तीन सय ७७ जनालाई अध्ययनमा सामेल गराएको थियो भने उनीहरुको आयु मात्र औसत आयु ५३ वर्ष थियो। त्यति मात्र होइन, दैनिक करिब २० मिनेट साइकल चलाउँदा शरीरमा हजारको संख्यामा क्यालोरी खपत हुने भएकाले केही हदसम्म यसले मानिसलाई दुब्लो बनाउन मद्दत गर्ने गर्छ । अनुसन्धानकर्ताका अनुसार यदि कुनै व्यक्तिले साइकल चलाउँछ भने उसले आफ्नो जीवनलाई परिर्वतन गरिरहेको छ । दैनिक साइकल भलाउनाले स्तन र मलद्वार क्यान्सरको जोखिम कम हुने गर्दछ । पछिल्लो समय महुमेहका बिरामीको संख्या दिनानु दिन बढ्दो छ । शरीरिक व्यायामको कमीका कारण धेरैलाई यो रोगको जोखिम हुने चिकित्सकहरुले बताउने गरेका छन्। तर दैनिक ३० मिनेट साइक्लिङ गर्ने व्यक्तिहरुमा ४० प्रतिशत मधुमेह हुने खतरा कम हुने फिनल्याण्डमा गरिएको एक अध्ययनले देखाएको छ । मानसिक स्वास्थ्य अवस्था तनाव, चिन्ता, डिप्रेसन, उदासिनताजस्ता कुरालाई नियमित ‘साइक्लिङ’ गरेर कम गर्न सकिन्छ । यही व्यायामका कारण मानिसहरु रमाइलो महशुस गर्ने गर्छन् र त्यस्ता मानसिक तनावबाट मुक्त हुन सक्छन्। रासस

# कवाड व्यवसायीमाथि हुने धरपकडप्रति मधेशको आपत्ति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पछिल्लो एक वर्षयता काठमाडौँ महानगरपालिकाले कवाड व्यवसायीमाथि गरेको धरपकडप्रति मधेश सरकारले आपत्ति जनाएको छ । काठमाडौँको वातावरणमा प्रतिकूल असर परेको, आगलागीका र चोरीका घटना बढेको जस्ता कारण देखाउँदै महानगरपालिकाभत्र वर्षौंदेखि सञ्चालित कवाड व्यवसायमा तोडफोड, व्यवसायीका सामान जफत र व्यवसायीलाई गालीगलौज तथा कुटपिटको विरोधमा मधेश सरकारले आपत्ति जनाएको हो । यस प्रकरणमा कवाड व्यवसायी




समाज नेपालले मुख्यमन्त्री सतिशकुमार सिंहलाई ज्ञापनपत्र बुझाएपछि मधेश प्रदेश सरकारले मुख खोलेको हो । मधेश सरकारले काठमाडौं महानगरको यो कदमलाई गैरकानुनी भनेको छ । 'स्थानीय सरकारबाट यस्तो गैरकानुनी कारबाहीको अपेक्षा गर्न सकिँदैन । महानगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनमा कवाड व्यवसायको महत्त्वपूर्ण भूमिकालाई अस्वीकार गर्न सकिन्न', विज्ञप्तिमा भनिएको छ । मधेश सरकारले खासगरी तराई–मधेशका मानिस संलग्न कवाड व्यवसायलाई नियतवश हेपेर आक्रमण गरिएको पनि भनेको छ । मधेश सरकारले कवाड व्यवसायीको सम्मान, मर्यादा र जीविकोपार्जनप्रति सदाशयता राख्दै सरल तथा सहज ढंगले व्यवसाय सञ्चालन गर्ने वातावरण बनाइदिन केन्द्र सरकारलाई भनेको छ । मुख्यमन्त्री सिंहको सचिवालयले त्यसका लागि गृह मन्त्रालय र काठमाडौं महानगरपालिका कार्यालय लगायत सम्बद्ध निकायलाई आग्रह गरेको छ ।

# सांसद हजराद्वारा नारायणी अस्पतालको निरीक्षण

**मधेशदृष्टि**
**वीरगज ।**
प्रतिनीधि सभा सदस्य प्रभु हजराले वीरगंजस्थित नारायणी अस्पतालको निरीक्षण गरेका छन् । बुधवार बिहान संघीय सांसद हजराले अस्पतालको वर्तमान अवस्था बुझ्न अस्पतालको निरीक्षण गरेका हुन् ।
उनले विगतको तुलनामा पछिल्लो समय नारायणी अस्पतालमा व्यापक सुधार भएको प्रतिक्रिया दिए । उनका अनुसार अस्पतालमा अहिले राम्रो व्यवस्थापन भइरहेको छ ।
पर्सा, बारा मात्रै नभई रौतहटदेखि सर्लाहीसम्मका बिरामीहरु उपचारका लागि नारायणी अस्पतालमा आउने गरेको उनले बताए । सांसद हजराले आफु २५ वर्ष अघि नारायणी अस्पताल विकास समितिको सदस्य भएको स्मरण गर्दै नारायणी अस्पताल सबै जनताको साझा अस्पताल भएको बताए । अस्पतालको भवन निर्माण प्रक्रिया पनि भवन विभाग र निर्माण कम्पनीबीचको विवादले अल्झिएकोमा उनले दुःख व्यक्त गरे । यही २८ गते परेको पेशीबाट उक्त मुद्दा टुङ्गो लगाउन र भवन निर्माणको प्रक्रिया अघि बढाउन दबाब दिनुपर्नेमा उनले जोड दिए ।

# बौद्धिमाईका मेयरविरुद्ध प्रदर्शन

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको बौद्धिमाई नगरपालिकाका प्रमुख प्रदीप यादवको मनोमानी र भ्रष्टाचारको विरोधमा स्थानीयले प्रदर्शन गरेका छन् । बौद्धिमाई नगरपालिकाको बंकुल बजारस्थित कार्यालय अगाडि जम्मा भएका स्थानीयले 'भ्रष्टाचारी मेयर मुर्दावाद', 'दोषीलाई कारबाही गर' जस्ता नाराबाजी गर्दै कार्यालयको घेराउ गरेका हुन् । स्थानीयहरूका अनुसार मेयर यादवले मापदण्ड नबनाई एकतर्फी निर्णय गर्दै विपक्षीका घर भत्काउने, सडक विस्तारका नाममा नागरिकलाई दुःख दिने, र बल प्रयोग गरेर डर धम्की दिने काम गरेका छन् । यसले गर्दा सर्वसाधारणमा असन्तोष चुलिएको छ । स्थानीय अगुवा तथा पूर्व वडा अध्यक्ष श्रीभगवान पटेलले मेयर



यादवले मनोमानी कार्य गर्दै घर तोडफोड गर्ने, स्थानीयलाई लाठी लगाएर कुटपिट गर्ने र आफ्ना निर्णयलाई कसैले चुनौती नदिन धम्की दिने आरोप लगाए । उनले भने, 'मेयर यादवले प्रहरी, प्रशासन, न्यायालय सबै आफ्नो मुठ्ठीमा रहेको दाबी गर्दै नागरिकलाई थर्काउने गरेका छन् । यो पूर्ण रूपमा गलत र गैर कानुनी हो ।' पटेलका अनुसार सरमुजवा गाउँमा सडक विस्तारको नाममा मेयरले विपक्षीको मात्र घर तोडफोड गर्दै भेदभावपूर्ण व्यवहार गरेका छन् । आन्दोलनकारीहरूले मेयर यादवले विभिन्न आयोजना र बजेटमा गरेको भ्रष्टाचारको छानबिन गर्नुपर्ने, दोषीमाथि कानुनी कारबाही हुनुपर्ने, र नगरपालिकाभित्र पारदर्शी र न्यायपूर्ण प्रशासन व्यवस्था लागू गर्नुपर्ने माग गरेका छन् । स्थानीय गङ्गाराम बैठकलाई रौतहट अदालतले थुनामा पठाउने निर्णय गरेपछि मेयरले न्यायालयलाई समेत आफ्नो नियन्त्रणमा रहेको दाबी गर्दै धम्की दिएको स्थानीयहरूले बताएका छन् । आन्दोलनकारीहरूले सरकार र सम्बन्धित निकायसँग बौद्धिमाई नगरपालिकामा भएका अन्यायपूर्ण गतिविधिको छानबिन गरी दोषीलाई कानुनी कारबाही गर्न र पीडितहरूलाई न्याय दिलाउन आग्रह गरेका छन् ।

# वीरगंजका विद्यालयमा थप ३ दिन विदा




**मधेशदृष्टि**
**वीरगज ।**
चिसो बढ्दै गएपछि वीरगंज महानगरपालिकाले विद्यालयहरूमा फेरि ३ दिनका लागि जाडो बिदा दिएको छ ।
शीतलहरसँगै बढ्दै गएको चिसो मौसमलाई मध्यनजर गर्दै महानगरपालिकाले विद्यालयहरूमा फेरि बुधबारदेखि ३ दिनका लागि जाडो बिदा दिएको हो । बुधबार महानगरपालिकाले वर्षे बिदामा कट्टा हुने गरी माघ २ गते बुधबारदेखि माघ ४ गते शुक्रबारसम्म वीरगंज महानगरभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा जाडो बिदा दिइएको जनाएको छ । अब महानगरका विद्यालयहरु माघ ६ गते आइतबारदेखि नियमित सञ्चालनमा आउने महानगरपालिकाका शिक्षा समितिका संयोजक इश्वरचन्द्र यादवले जानकारी दिए ।
यसअघि महानगरपालिकाले गत पुस २४ देखि पुस २६ गतेसम्मका लागि विद्यालयहरुमा जाडो बिदा दिएको थियो । तराई–मधेशमा दुई साता यता चिसो बढ्दै गएका कारण जनजीवन प्रभावित भएको छ । हुस्सु लाग्नुका साथै शीतलहर पनि चल्न थालेपछि खासगरी वृद्धवृद्धा, बालबालिका र दैनिक ज्याला मजदुरीमा काम गर्नेहरूलाई बढी सास्ती भएको छ ।

# चिनियाँ नागरिकको अपहरणमा संलग्न चार जना भारतीय पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
चिनियाँ नागरिकको अपहरणमा संलग्न चार जना भारतीय नागरिकलाई प्रहरीले काठमाडौं लगिएको छ । काठमाडौंको ठमेलबाट एक चिनियाँ नागरिकलाई लिएर भारततर्फ जाँदै गरेको अवस्थामा मकवानपुरको भीमफेदीबाट नियन्त्रणमा लिइएका उनीहरुलाई राति नै काठमाडौं लगिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सानुराम भट्टराईले जानकारी दिए । पक्राउ पर्नेमा भारत महाराष्ट्र प्रदेशका ३३ वर्षीय आशुतोफ दत्तेय, ३० वर्षीय अमोल खरमते, ४० वर्षीय असरफ युनुस शेख र ३० वर्षीय अम्बास श्रीसत छन् । उद्धार गरिएका चिनियाँ नागरिकलाई भने जिल्ला प्रहरी परिसर, भद्रकाली बुझाइसकिएको छ । उद्धार गरिएको व्यक्तिलाई जिल्ला प्रहरी परिसरबाट थप सोधपुछ हुन्छ । पक्राउ परेकाहरुको सन्दर्भमा प्रारम्भिक जाँच र डकुमेन्टसन गरेर बुझाउने एसपी भट्टराईले बताए । मंगलबार ठमेलबाट एक जना चिनियाँ नागरिकलाई अपहरण गरिएको भन्दै खबर आएपछि उपत्यका अपराध अनुसन्धान कार्यालयले अनुसन्धान थालेको थियो । हराएको भनेको स्थानको सीसी टीभी हेर्दा भारतीय नागरिकहरुले उनलाई गाडीमा हालेर लैजाँदै गरेको देखिएपछि नाकाहरुमा जाँच थालिएको थियो । प्रारम्भिक जाँचका क्रममा लेनदेनको विवादमा अपहरणमा गरेर भारततर्फ लैजान खोजिएको जस्तो देखिएको प्रहरीले जनाएको छ । जाँचका क्रममा थप तथ्यहरु खुले चिनियाँ नागरिकमाथि समेत अनुसन्धान गर्नु पर्ने हुनसक्ने अधिकृतहरुले जनाएका छन् ।

# दुई दिने कवीर सम्मेलन सम्पन्न



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
पतौना कवीर मठका फलाहारी बाबाको सम्झनामा दुई दिने कवीर सम्मेलन सम्पन्न भएको छ ।
आपनो प्रवचनमा हरिनन्दन साहब (पतौना)ले कवीर साहबले हिन्दू समाजमा रहेका विकृत अन्धविश्वास, जातिवाद, छुवाछुत, मुर्ति पुजा आदिको विरोध गरेर सामंजस्यपूर्ण समाज स्थापना गरेको बताए । उनले भने, 'राम तपाईभित्र छ, हर सांसमा राम छ ।' शिक्षाविद् रामदत्त यादवले कवीरको जन्मबारे इतिहासकारहरुको मत भिन्नता रहेको बताए । रामानन्द स्वामी सगुणका उपासक थिए । जहाँ कवीर निर्गुणका उपासक थिए । रामानन्द स्वामी र कबीरको जन्ममा सय वर्षको अन्तर छ, त्यसैले रामानन्द स्वामी उनका गुरु थिए भने कुरामा पनि मतभिन्नता छ । पूर्व मुखिया राजेंद्र यादवको संयोजकत्वमा सम्पन्न कवीर सम्मेलनमा नेपाल र भारतबाट सयौं कवीरपंथी पुगेका थिए । गुणानन्द दास लगायत गायक लेभजनको आयोजना गरिएको थियो । हंसलाल यादव, विनोदकुमार यादव, सञ्जीवकुमार यादव, पवनकुमार यादव लगायत धेरैजना भण्डारा सञ्चालनमा सक्रिय थिए ।

# हरि खेतान क्याम्पसको प्रमुखमा राय

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित हरि खेतान बहुमुखी क्याम्पसको प्रमुखमा किशोरी राय नियुक्त भएका छन् । वीरगंजमा बुधबार बसेको क्याम्पस व्यवस्थापन समितिको बैठकले निमित्त प्रमुख रहेका रायलाई प्रमुख नियुक्त गरेको हो । तत्कालीन क्याम्पस प्रमुख भगवान यादवले अवकाश पाएपछि समितिले २०८० साल पुसमा रायलाई निमित्त क्याम्पस प्रमुखको जिम्मेवारी दिएको थियो । विगत एक वर्षदेखि निमित्तको जिम्मेवारीमा रहेको राय बुधबारबाट क्याम्पस प्रमुखको जिम्मेवारी सम्हालेको व्यवस्थापन समितिका सल्लाहकार जय प्रकाश खेतानी जानकारी दिए ।




## शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**जलेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जलेश्वर, महोत्तरी, मधेश प्रदेश, नेपाल**


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन